जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २२७ • २०७९ साल पुस २७ गते बुधवार (11 January, Wednesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रचण्डलाई प्रधानमन्त्रीमा प्रचण्ड बहुमत

## विपक्षमा ३ दलको ३ सांसद, ९७.४५ प्रतिशत विश्वासको मत

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभाबाट प्रचण्ड बहुमत प्राप्त गरेका छन् । उनले प्रतिनिधिसभाको २ तिहाइ बढी विश्वासको मत प्राप्त गरेका छन् । प्रतिनिधिसभामा मंगलवार भएको विश्वासको प्रस्तावको मतदानमा उनले २ सय ६८ मत प्राप्त गरे । उनको विपक्षमा २ वटा दलको २ मत परेको थियो ।

प्रधानमन्त्री प्रचण्डले प्राप्त गरेको विश्वासको मत हालसम्म संसदमा अन्य प्रधानमन्त्रीले प्राप्त गरेका थिएनन् ।प्रधानमन्त्रीलाई विश्वासको मत दिए पनि नेपाली कांग्रेस प्रमुख प्रतिपक्षको बेञ्चमा रहने बताइसकेको छ । संसदमा सबै भन्दा ठूलो कांग्रेस नै हो ।

प्रचण्ड प्रधानमन्त्रीका लागि दाबी गर्दा उनको पक्षमा १ सय ६९ जना सांसदहरुले हस्ताक्षर गरेका थिए । प्रधानमन्त्री बन्नका लागि हस्ताक्षर नगरेका नेपाली कांग्रेस, नेकपा एस, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)लगायतले विश्वासको मत दिएका छन् ।

कांग्रेसले प्रचण्डलाई प्रधानमन्त्री बनाउन अस्विकार गरेपछि एमाले लगायतका दलहरुको समर्थनमा उनी नयाँ गठबन्धन बनाएर प्रधानमन्त्री नियुक्त भएका थिए । प्रचण्डले कांग्रेस र नेकपा एससित विश्वासको मत दिन आग्रह गरेका थिए ।

बैठकमा ५ जना सांसद अनुपस्थित थिए ।



बैठकमा कुल २ सय ७० सांसद उपस्थित रहेका थिए । सभाका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले उक्त मत विभाजनको मतपरिणाम सार्वजनिक गर्दै सो जानकारी दिए । सांसदहरू अम्बिका बस्नेत, किशोरसिंह राठौर र मनोरमा शेरचन सदनमा अनुपस्थित रहेका थिए । यस्तै सभाका ज्येष्ठ सदस्य जबरा सभा सञ्चालनमा रहेकाले मतदान प्रक्रियामा सहभागी भएनन् । फौजदारी अभियोग लागेका अर्का एकजना सांसद टेकबहादुर गुरुङ सभामा अनुपस्थित थिए ।

प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिन नेपाली कांग्रेस र नेकपा एसले मंगलवार बिहान मात्र निर्णय गरेका थिए ।लोसपाले भने यस अघि नै निर्णय गरिसके पनि सार्वजनिक गरेको थिएन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहाललाई पुस १० गते प्रधानमन्त्रीमा नियुक्त गरेकी थिइन् । प्रतिनिधिसभा सदस्यको गत मंसिर ४ गते भएको निर्वाचनमा ३२ सिटसहित माओवादी केन्द्र तेस्रो ठूलो दलका रुपमा सदनमा रहेको छ ।

प्रचण्डले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वासको मत लिएका हुन् । धारा ७६ उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम त्यसरी नियुक्त भएको एक महिनाभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान रहेकोछ ।

प्रधानमन्त्री दाहाललाई नेपाली कांगेस, नेकपा (एमाले), माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र ३ जना स्वतन्त्र सांसदले विश्वासको मत दिएका छन् ।

### प्रम प्रचण्डलाई असधारण बहुमत

**कुल सांसद** : २७५
**उपस्थित** : २७०
**विश्वासको पक्षमा** : २६८
**विपक्षमा** : २
**मतदानमा सहभागी नभएकाहरु**:४ (मनोरमा शेरचन, किशोरसिंह राठौर, अम्बिका बस्नेत र ज्येष्ठ सदस्य पशुपतिशमशेर जबरा)
**निलम्बन** : १ (टेक बहादुर गुरुङ )
**कुल सांसदहरूको प्रतिशत** : ९७.४५ प्रतिशत विश्वासको मत
**मतदानमा सहभागीहरूको प्रतिशत** : ९९.२५ प्रतिशत







# मिटरब्याजीलाई कारबाही

टुडे समाचारदाता

जलेश्वर । जिल्ला प्रशासन कार्यालय महोत्तरीले मिटरब्याजीलाई कारबाही गर्ने प्रक्रिया अगाडि बढाएको छ।

कार्यालयमा हालसम्म दुई सय ३४ मिटरब्याजी सम्बन्धी उजुरी परेको र प्राप्त उजुरी उपरको कारबाही प्रक्रिया द्रुतगतिका साथ अगाडि बढाइएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले जानकारी दिएका छन्।

उनले मिटरब्याज सम्बन्धी प्राप्त उजुरीसँग सम्बन्धित व्यक्तिलाई त्यस कार्यालयबाट पत्राचार गर्ने, बोलाउने तथा छलफल गराउने तथा छानबिन प्रक्रियाजस्ता काम-कारबाही अगाडि बढाइएको बताए।

उनले कार्यालयबाट ४९ जनालाई पत्राचार गरिसकिएको र चारवटा मुद्दामा सहमति भएको बताए।

त्यस्तै,प्राप्त उजुरी मध्ये ३६ मुद्दा प्रक्रिया अदालतमा गइसकेको र पाँच उजुरीको मुद्दा अदालतमा चलिरहेको अवस्थामा रहेको उनले बताए।

बाँकी उजुरीउपर कार्यालयले दुबै पक्ष विपक्षलाई बोलाएर कार्य अगाडि बढाइरहेको जनाएका छन्।

# ‘प्रतिबद्धता पूर्णरूपमा कार्यान्वयन होस्’



काठमाण्डु । जनता समाजवादी पार्टीका सांसद अशोक राईले सुशासनसहितको आर्थिक समृद्धि हासिल गर्ने सरकारको प्रतिबद्धतालाई पूर्णरूपमा कार्यान्वयन गर्न सरकारलाई विश्वासको मत दिनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलवारको बैठकमा विश्वासको मतसम्बन्धी प्रस्तावमाथिको छलफलमा उहाँले अर्थतन्त्रको विद्यमान चुनौतीको समाधान गरी बेरोजगारी अन्त्य र रोजगारी सिर्जना सरकारको दायित्व रहेको बताउनुभयो।

उहाँले विकासका पूर्वाधारलाई द्रुत गतिमा अगाडि बढाउनुपर्ने बताउनभयो । राजनीतिक उपलब्धिको रक्षा गर्दै गणतन्त्रसुदृढीकरणगर्नुपर्नेमा जोड दिँदै उहाँले संविधानको सबल पक्षको व्यावहारिक कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

जनमत पार्टीका सांसद अनिता देवीले नागरिकता, मललगायत शिक्षा, स्वास्थ्य तथा रोजगारीका समस्या समाधान गर्ने सरकारको नीतिगत प्राथमिकतालाई स्वागत गर्दै आफ्नो पार्टीले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने बताउनुभयो । उहाँले समावेशी विकासका अवधारणालाई अङ्गीकार गर्दै सन्तुलित विकास अगाडि बढाउनुपर्ने बताउनुभयो।

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद सर्वेन्द्रनाथ शुक्लाले मुलुकको अर्थतन्त्रलाई सुधार गर्ने गरी सरकारले ल्याएको नीति कार्यक्रम कार्यान्वयन गर्न सरकारलाई विश्वासको मत दिनुपर्ने बताउनुभयो । उहाँले नागरिकतासम्बन्धी समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले आफूहरूको माग पूरा नहुँदासम्म सरकारलाई विश्वासको मत दिए पनि आफूहरू प्रतिपक्षमा बस्ने बताउनुभयो।

उहाँले टीकापुर घटनाका राजबन्दीलाई तत्काल रिहाइ गर्न र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।रासस

# लोप हुँदै कोदो खेती



जनकपुरधाम । तीन दशकअघि धनुषाको मुख्य खाद्यान्न बालीमध्ये एक कोदो (मरुवा) खेती अहिले लोप हुने अवस्थामा पुगेको छ। कोदो बालीलाई माडेर झार्ने भएकाले कतिपय स्थानमा मडुवा मात्रै भनेर पनि चिनिन्छ।व्यावसायिक रूपमा खेती गर्ने किसानको सङ्ख्या कमी हुँदै गएपछि परम्परागत मुख्य खाद्यान्न बालीको रूपमा स्थापित कोदो खेती लोप हुने अवस्थामा पुगेको हो।

तीन दशकअघि धनुषाको प्रायःजसो सबै ग्रामीण भेगका तत्कालीन ढल्केवर, बटेश्वर, सखुवा महेन्द्रनगर, दिगम्बरपुर, धारापानी, लवटोली, गोदार, तुलसी, भरतपुरलगायतका गाविसका अधिकांश किसानले कोदो खेती गर्दथे। तर अहिले कोदो खेती पूरै विस्थापित हुने अवस्थामा पुगेको किसानहरू बताउँछन्।

स्वास्थ्यका लागि अत्यन्त उपयोगी मानिने कोदो बाली अहिले धनुषाको सीमित गाउँमा मात्र खेती गरिन्छ। रोटी र ढिँडोका लागि मात्र उत्तम ठानिने भए पनि अहिले स्वस्थ रहनका लागि भन्दै सहरी क्षेत्रका मानिसले यसका परिकार खाने गर्दछन्। तर कोदो खेती गर्ने किसानको सङ्ख्या दिनहुँ घट्दै गएको किसानको भनाइ छ।

“पहिले मुख्य खाना नै कोदाको रोटी, ढिँडो हुन्थ्यो तर अहिले मुख्य खाना भात भएकाले कोदो खेती विस्थापित भएको छ,” तत्कालीन ढल्केवर गाविस हाल मिथिला नगरपालिका-६, का दानबहादुर खड्काले भन्नुभयो, “अहिले कोदोको रोटी, ढिँडोभन्दा भात नै खाने चलन नै भयो।” उहाँले अहिले घरका लागि आवश्यकपर्ने मात्र आफूले बारीमा कोदो खेती गरेको भन्दै कोदो रोप्ने प्रचलन हटेको बताउनुभयो।

अहिले सहरी क्षेत्रमा यसको अत्याधिक माग भए पनि उत्पादन घट्दै गएको क्षीरेश्वरनाथ नगरपालिका किसान रामदेव यादवले बताउनुभयो । भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका वरिष्ठ कृषि विकास अधिकृत वीरेन्द्रप्रसाद सिन्हाका अनुसार विस्थापित भएको बालीलाई दुई वर्षदेखि स्थापित गर्ने लक्ष्य राखिएको भए पनि सफल हुनसकेको छैन। कोदोको माग धेरै भए पनि खेती गर्ने किसान नभएपछि माग अनुसार जिल्लामै आपूर्ति गर्न नसकेको उहाँले बताउनुभयो।

कोदोको महत्वका बारेमा थाहा नहुँदा कोदो खेतीप्रतिको आकर्षण घट्दै गएको हो। कोदोलाई औषधिका रूपमा समेत प्रयोग गरिनुका साथै पोषिलो तत्वका रूपमा समेत लिइन्छ। पहिला वर्षे खेतीको रूपमा लगाइने कोदो अहिले देख्नै मुस्किल भएको मिथिला नगरपालिका पुष्पवलपुरका किसान गङ्गा महतोले बताउनुभयो।कोदो अन्य बालीभन्दा लाभदायक भए पनि आकर्षण भने घट्दै गएको छ।

सहरीकरणसँगै मान्छेमा अल्छिपना बढ्दै गएको छ । क्षीरेश्वरनाथ नगरपालिका-८ दिगम्बरपुरका किसान राजेश महतो गाउँघरमा हेपिएको खाद्यान्न अहिले सहरबजारतिर खोजीखोजी खान थालिएको बताउनुहुन्छ। “पहिला पहिला खेतमा लटरम्म फल्ने कोदो अहिले औषधिका लागि समेत भेट्टाउन मुस्किल भएको छ”, उहाँले भन्नुभयो।धान, गहुँ र मकै जस्तै कोदोलाई किसानले महत्व नदिएका कारण लोप हुँदै गएको जेटिए ममता बलम्पाकीको कथन छ। बलम्पाकीले उच्च पहाडी भेगमा मुड्के र डल्ले, मध्यपहाडमा डल्ले र झाँप्रे तथा तराईमा झाँप्रे जातको कोदो उत्पादन गर्न सकिने बताउनुभयो। मुड्के जातको कोदो स्वादका हिसाबले अत्यन्त उत्तम मानिन्छ।

किसानको आकर्षण घट्दै जाँदा जिल्लामै कोदो खेती लोप हुँदै गएको हो । धनुषाका अधिकांश क्षेत्रमा कोदोको उत्पादन राम्रो भए पनि किसानले हिजोमंगलवार खेती गर्न छाडेपछि विस्तारै गाउँघरमा कोदो खेती कम हुँदै गएको हो। किसानले खेती गर्न छाडेपछि अहिले बीउसम्म पाउन मुस्किल हुन थालेको किसना बताउँछन्। केहीले फाट्टफुट्ट कोदो खेती गरेपनि घरायसी प्रायोजनका लागि मात्र गरेको पाइन्छ। पहिले जस्तो बिक्रीका लागि भनेर कोदो खेती गर्न किसानले छाड्दै गएका हुन्।

बीस वर्ष अघिसम्म पुष्पवलपुरका किसान श्याम गोलेले आफ्ना गाउँका सबै खेतबारीमा कोदो लगाउने गर्नुहुन्थ्यो। कोदोको उत्पादन पनि राम्रै हुन्थ्यो। तर पछिल्ला समयमा उहाँले कोदोको व्यावसायिक खेती विस्तारै छाड्दै जानुभएको छ। “कोदो खेतीमै निर्भर भएर खेती गर्न किसानले छाडिसकेका छन्, हिजोमंगलवार बरु बाख्रापालन, तरकारीलगायतका नगदेबाली, फलफूल खेतीतर्फ किसान आकर्षित हुन थालेका छन्”, उहाँले भन्नुभयो।

पुष्पवलपुर, भरतपुर, दिगम्बरपुरलगायतका गाउँका धेरै किसानले खेतमा कोदो लगाएर राम्रै कमाइ गर्थे तर, अहिले भने धेरैले कोदो लगाउन छाडिसकेका छन्। किसानले विस्तारै कोदो खेती गर्न छाड्दै गएपछि जिल्लामा कोदो अभाव हुँदै गएको हो। परम्परागतरूपमा गरिँदै आएको कोदो खेती जिल्लाका साविक २० बढी गाउँका किसनाको मुख्य खाद्यान्न बाली थियो। औषधिका रूपमा समेत प्रयोग हुने कोदोलाई पोषिलो अन्न मानिन्छ।

कोदो अन्य बालीभन्दा स्वस्थकर भए पनि आकर्षण भने घट्दै गएको छ। बढ्दो सहरीकरणको प्रभावले गाउँमा कोदो फल्ने जमिनहरू बाँझिन थालेका छन्। ग्रामीण भेगका मानिसहरू सहर पस्न थालेपछि कोदोले भरिभराउ हुने जमिन अहिले बाँझिँदै गएका हुन्। कम मेहनतमा उत्पादन बढी हुने र पोषणयुक्त खाद्यान्न बालीभित्र पर्ने भए पनि पोषिलो कोदोको पछिल्लो समयमा खाद्यान्नमा भन्दा अन्यत्र प्रयोग बढी हुन लागेकाले पनि कोदो खेती लोप हुने अवस्थामा पुगेको वटेश्वर गाउँपालिका ५ शान्तिपुरका किसान अमरबहादुर थिङ बताउनुहुन्छ।

उहाँले पहिलेपहिले पाँच मुरीसम्म कोदो उत्पादन गरेको स्मरण गर्दै अहिले लगाउनै छाडेको बताउनुहुन्छ। “धेरै दुःख गर्न नपर्ने कोदो पाकेपछि घरमै खरिद गर्न व्यापारी आउँथे, दुई/चार पैसा पनि हुन्थ्यो अहिले त कोदो लगाउने जमिन वनमाराले भरिन थालेको छ”, उहाँले भन्नुभयो। परम्परागत शैलीमा स्थानीय जातको बीउ प्रयोग गरी मकैमा घुसुवा बालीका रूपमा लगाइने कोदो प्रायःजसो जिल्लाका सबै गाउँबस्तीमा हुन्थ्यो तर, मंगलवारभोलि सबै हराए। खाद्यान्नको रूपमा प्रयोग गरिने कोदो मंगलवारभोलि मदिरा बनाउन प्रयोग गरेका कारण बीउ नै हराउने अवस्थामा पुगेको किसान बताउँछन्। पहिले गाउँमा पनि फागुनमा धान खेतमा जोतखन गरेर छरुवा कोदो लगाएर असारमा काटेर धान रोप्ने चलन थियो।

क्षीरेश्वरनाथ नगपालिका-३ पकडियाका किसान रामनारायण सिंहले कोदोको मूल्य अति न्यून हुने र यो अन्नलाई पहिलेदेखि गरिबी खानाको रूपमा लिइने हुँदा यसलाई कुअन्न भन्ने चलन रहेको बताउँदै उहाँले भन्नुभयो, “बजारमा पनि यसको मूल्य अन्य अनाजको तुलनामा न्यून छ। त्यसैले मंगलवारकाल मानिसको यो बाली लगाउने सङ्ख्या न्यून हुँदै गएको हो।” स्वास्थ्यका लागि लाभदायक अन्न फलाउन छाडेर बजारमा पाइने प्याकेटका तयारी खाना खान थालेपछि एकातिर स्थानीय अन्न लोप हुँदै छन् भने अर्कोतिर मानिसमा अनेक किसिमका रोगको सङ्क्रमण बढ्न थालेको उहाँको भनाइ छ।

परम्परागत रुपमै कोदोको ढिँडो, रोटी, पुवा र खोले बनाएर खाने चलन छ। सहरबजारमा कोदोको सुप बनाएर खाने गरिन्छ। कोदोबाट बिस्कुट, पाउरोटी जस्ता बेकरी बनाइन्छ । जाडोयाममा मरमसला वा मासु मिसाएर खोले खाने चलन छ। कोदो बालबालिकाको लागि सबैभन्दा उत्तम मानिन्छ।प्राथमिक स्वास्थ्य केन्द्र महेन्द्रनगरका सिनियर अहेव अशोक साहले कोदो पौस्टिक आहारको रूपमा सबैभन्दा राम्रो बाली भएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, “कोदोको महत्वका बारेमा थाहा नहुँदा कोदो खेती गर्ने चलन हराएको हो। उच्च रक्तचाप र मधुमेहका बिरामीका लागि कोदो उत्तम मानिन्छ।”

साहका अनुसार कोदोमा ट्रिस्टोफेन नामक एमिनो एसिडले गर्दा यसको पाचनप्रणाली ढिलो हुने भएकाले लामो समय नखाँदा पनि हुन्छ। यसबाट हाम्रो शरीरको तौल यथावत राख्न मद्दत गर्छ । कोदो खानाले यसमा भएको क्याल्सियमले गर्दा बृद्ध र बालकलाई चाहिने प्राकृतिक क्याल्सियमले गर्दा हाड मजबुत बन्न मद्दत पुग्छ। कोदोमा पाइने क्याल्सियम, फलाम, प्रोटिन रेशाको धनीको रूपमा लिइन्छ। यसले बोसोको मात्रा कम गराउँछ। मुटु, कलेजो र उच्च रक्तचाप भएका मानिसको लागि यो राम्रो खानाको रूपमा लिइन्छ। कम सिँचाइ, मल, मेहनतको प्रयोगले उत्पादन बढी लिन सकिने भए पनि कोदो खेतीको संरक्षण र जगेर्ना गर्नेतर्फ सम्बन्धित निकायले पहल गर्नुपर्ने देखिन्छ।

कृषिविज्ञ डा श्रीभगवान ठाकुरको अनुसार कोदो नेपालमा अन्नबालीमा धान, गहुँ, मकै पछिको चौथो स्थानमा पर्छ । यो बाली प्राचीन समयदेखि खाद्यान्नको रुपम देखिँदै आएको छ। कोदो खेती घट्दै गए पनि यसमा पाइने क्याल्सियमलगायत हाम्रो शरीरलाई चहिने महत्वपूर्ण तत्वहरू पाइने हुनाले यसको माग सहरमा बढ्दो छ। यसको गुणको आधारमा उपयोग गरिँदा अत्यन्त राम्रो छ।

मध्यपहाडी भूभागका भिराला जमिनमा मकैपछि वा मकैभित्र घुसुवाबालीको रूपमा दुवै तरिकाले लगाइन्छ। अझ भिराला पहाडी जङ्गललाई फडानी गरी खोरिया तयार गरेर छरुवा कोदो बाली लगाइन्थ्यो। समय क्रममा मंगलवारकल जङ्गल फडानीमा सरकार कडा बन्ने र मानिसहरू पनि ग्रामीण क्षेत्रमा जीवन निर्वाह कठिन बन्दै गएकाले अधिकांश युवा शक्ति कामको खोजीमा सहर र मुग्लान जाने प्रचलनले गर्दा खोरिया खेतीबाट टाढिने अवस्था छ।

खोरिया खेती घटने भए पनि परम्परागत कोदो खेती पनि क्रमशः ह्रासोन्मुख हुँदैछ। अहिले सबै स्थानमा चामलको माग बढ्दो छ। हामीकहाँ रक्सी बनाउने कच्चा पदार्थको रूपमा कोदो प्रयोगमा बढी देखिन थालेको छ। क्षीरेश्वरनाथ नगरपालिकाका कृषि शाखा अधिकृत गङ्गा यादवको अनुसार कोदोको किसिममा पाँउदुरे उर्छो, उर्छो (डल्ले), झ्यापे, कालोघुडे पर्छन्। यसको उत्पादन समयका आधारमा उत्पादनको नामबाट भन्दा असारे, भदौरे (भाद्रमा पाक्ने), उर्छो असोजमा पाक्ने, कात्तिकमा कालो घुँडे, मङसिरे उर्छो कोदो आदि पाक्ने तलिकाको आधारमा नामकरण गरिन्थ्यो।

ज्ञपहाडमा ७९ प्रतिशत कोदो र भटमास ८२ प्रतिशत उत्पादन हुनेहुँदा कोदो दोस्रो खाद्यान्न रूपमा लिइन्छ। उच्च पहाडीभागमा कोदो १४ प्रतिशत र जौ ३० प्रतिशत उत्पादन हुनेहुँदा कोदो दोस्रो स्थानमा पर्छ।कोदो लामो समयसम्म भण्डारण गर्न सकिने अनाज हो। भकारी वा अन्य भाडामा १२/१५ वर्षसम्म राख्दा पनि सड्ने-गल्ने केही हुँदैन। विश्वको कुल उत्पादकको एक प्रतिशतमात्र नेपालले उत्पादन गर्छ। कोदो उत्पादनमा नेपाल विश्वको १५ औं स्थानमा पर्छ। कोदो उत्पादन गर्ने देशमा भारत, चीन, युगान्डा, नेपाललगायत पर्छन्।रासस

# राप्रपाले पृथ्वी जयन्तीमा जलपान समारोहको आयोजना गर्ने

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टीले नेपाल एकीकरणको अभियानका प्रणेता पृथ्वीनारायण शाहको जन्मदिनका अवसरमा यही पुस २७ गते बुधबार जलपान समारोहको आयोजना गर्ने भएको छ।

नेपाल एकीकरणका अभियन्ता तथा आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहको ३०१औँ जन्मजयन्ती यही पुस २७ गते परेकाले त्यस दिनलाई ‘३०१औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस’का रूपमा मनाउन जलपान समारोहको आयोजना गरिएको राप्रपाले जनाएको छ । बुधबार दिउँसो १ देखि अपराह्न ४ बजेसम्म काठमाडौँको भृकुटीमण्डपमा जलपान समारोहको आयोजना गरिएको राप्रपाका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहन श्रेष्ठले जानकारी दिनुभयो।

समारोहमा प्रधानमन्त्री, मन्त्रीहरू, विभिन्न राजनीतिक दलका प्रमुख तथा नेताहरू, नेपाल सरकारका उच्चपदस्थ व्यक्तित्व एवं नेपालको राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति कमाएका व्यक्तित्वहरूलगायतलाई आमन्त्रण गरिएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो।

नेपालका शाहवंशीय राजा पृथ्वीनारायण शाह आधुनिक नेपालका निर्माता हुनुहुन्छ। विभिन्न राज्यमा टुक्रिएर रहेको नेपाललाई एकताको सूत्रमा बाँधेर राज्यको एकीकरण गर्ने शाहको जन्म विसं १७७९ पुस २७ गते गोरखामा भएको थियो।

उहाँको जन्मदिनलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाई सार्वजनिक बिदा दिन राप्रपाले माग गर्दै आएको थियो। नेपाल सरकारले सोमबार मात्र पुस २७ लाई राष्ट्रिय बिदा दिने निर्णय पनि गरेको छ।

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मदिनलाई राष्ट्रिय बिदाका रूपमा मनाउने निर्णय गरेर सरकारले राप्रपाको मात्र नभई बहुसङ्ख्यक नेपाली जनताको भावना र चाहनाको सम्मान गरेको भन्दै प्रवक्ता श्रेष्ठले सरकारलाई धन्यवाद दिनुभयो।

उहाँले सरकारको यो निर्णय र राप्रपाको विगत लामो समयदेखिको मागको सम्बोधनका कारण पनि भोलि देशव्यापीरूपमा पृथ्वीनाराण शाहको जन्मजयन्ती भव्यरूपमा मनाइने र राप्रपाले आयोजना गरेको जलपानमा पनि नेपालका विशिष्ट व्यक्तित्वहरूको सहभागिता हुने विश्वास व्यक्त गर्नुभयो।रासस

# नेपाली र अमेरिकी सेनाकी संयुक्त अभ्यास प्रारम्भ

काठमाण्डु। नेपाली सेनाले केबलकारसँग सम्बन्धित सम्भावित दुर्घटनाहरूलाई दृष्टिगत गरी त्यसको पूर्वतयारीका लागि चन्द्रागिरिमा केबलकार उद्धार अभ्यास गरेको छ।

चन्द्रागिरि हिल्स् लिमिटेडसँग सहकार्य गरी सेनाले चन्द्रागिरिमा सफल केबलकार उद्धार अभ्यास गरेको नेपाली सेनाको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । विविध कारणले केबलकार रोकिन गई फसेका यात्रुहरूलाई डोरीद्वारा सुरक्षितरूपमा जमिनमा उतार्ने अभ्यासमा नेपाली सेनाका उद्धारकर्ता र चन्द्रागिरि हिल्स् लिमिटेडका उद्धार टोली सहभागी थिए।

उक्त केबलकारसँग रहेका उद्धार सामग्री र नेपाली सेनासँग रहेका उद्धार सामग्रीको प्रयोग गरी सोमबार अभ्यास सञ्चालन भएको थियो । सोक्रममा उद्धारकर्ताहरुबाट घाइते तथा सकुसल मानिसलाई विभिन्न तरिकाले जमिनमा उतार्ने अभ्यासहरु गरिएको थियो।

उक्त अभ्यासमा नेपाली सेनाको तर्फबाट राष्ट्रिय विपद् व्यवस्थापन शिक्षालय, श्री नं १ विपद् व्यवस्थापन गण, तथा युद्धभैरव गणबाट अधिकृतसहितको टोली सहभागी भएको थियो। अभ्यासमा विपद् व्यवस्थापन निर्देशक सहायक रथि डा पदमबहादुर बुढालगायतको उपस्थिति थियो।

यस किसिमको अभ्यासबाट केबलकारसँग सम्बन्धित दुर्घटना घटेको अवस्थामा छिटो र प्रभावकारी उद्धारकार्यका लागि फौजलाई सक्षम तुल्याउन र भविष्यमा हवाई साधनको समेत प्रयोग गरी जटिल प्रकारको केबलकार उद्धार अभ्यास सञ्चालनका लागि योजना तयार गर्नसमेत मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ।

यता नेपाली सेना र अमेरिकी सेनाबीच संयुक्त अभ्याससमेत काठमाडौँको छाउनीमा सुरु भएको छ। उक्त अभ्यासमा नेपाली सेनाका ३५ र अमेरिकी सेनाका १९ को सहभागिता छ।

आगामी माघ २० गतेसम्म सञ्चालन हुने अभ्यास छाउनीका साथै नगरकोटमा गरिने नेपाली सेनाले जनाएको छ । उक्त खाले अभ्यासले विपद्को खोज तथा उद्धारमा सहयोग पुग्ने विश्वास गरिएको छ। यो अभ्यासको १२ औँ शृङ्खला भएको जनाइएको छ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : बौद्धिक क्षमता। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| बृश्चिक | : शिक्षामा उन्नति। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बिन्दुलाई लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार



**टुडे समाचारदाता**

राजविराज। २७ औं लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कारबाट पत्रकार बिन्दु यादव सम्मानित भएका छन् ।

पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्व.पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति एवं सम्मानमा स्थापना गरिएको उक्त पुरस्कारबाट मंगलवार पत्रकार यादव सम्मानित भएका छन् । पुरस्कारको राशि ५ हजार ५ नगद तथा कदरपत्र रहेको छ। पत्रकार महासंघ शाखा सप्तरीको सभाकक्षमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण वस्नेतले पत्रकार यादवलाई उक्त सम्मान प्रदान गरेका छन् ।

पत्रकार यादव राजविराजबाट प्रकाशित हुने पूर्व प्रभात पत्रिकाका प्रकाशक एवं सम्पादक रहेका छन्। विगत दुई दशकदेखि पत्रकारीताको माध्यमले समाज उत्थानमा योगदान पुऱ्याए वापत उनलाई सम्मान गरिएको पुरस्कार छनोट समितिका संयोजक विष्णु मण्डलले बताए । कार्यक्रम पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा भएको थियो ।

# माग पूरा गर्न आग्रह

**रञ्जन यादब**

कलैया। बाराको जीतपुर सिमरा उपमहानगरपालिका - १ स्थित हुलास स्टिलको प्रदूषणको कारण स्थानीयहरु आजित भएका छन् ।

उनीहरुले हुलास स्टिलको प्रदूषणबाट छुटकारा दिलाउन उपमहानगरपालिकाको कार्यालयमा डेलिगेसन गएका थिए ।

हुलास स्टिलले पटक पटक प्रदूषण नियन्त्रण गर्न सम्झौता गर्ने तर व्यवहारमा नउतार्दा आफूहरु आजित भएको वडा अध्यक्ष हीराबहादुर गुरुङ्गले बताए । प्रदूषणका कारण वरिपरिका वातावरण दूषित भएको, आँखा सम्बन्धी रोग देखापरेको, मेसिनको ठूलो आवाजले घरहरु चर्किने गरेको स्थानीयहरुले बताउने गरेका छन् ।

हुलास स्टिलले प्रदूषण नियन्त्रण गर्न सम्झौता गर्ने तर व्यवहारमा नउतार्दा प्रदूषण नियन्त्रण गर्ने मागसहित वडा अध्यक्ष गुरुंगको नेतृत्वमा आन्दोलन गर्नेसमेत जानकारी दिएको छ।

एक हप्ता भित्रमा माग पूरा नभए कडा आन्दोलन गर्ने स्थानीय सुरक्षा कार्कीले जानकारी दिएका छन् ।

जीतपुरसिमरा उपमहानगरपालकाले प्रदूषण नियन्त्रणका लागि पहल गर्न एक हप्ताको समय लिएको छ।

गत असोज २ गते बाराका प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालको अध्यक्षतामा बसेको बैठकले आन्दोलनरत स्थानीय र हुलास स्टिलबीच वार्ता भएको थियो ।

वार्तामा उद्योगबाट भएको दूषित पानी लिकेज तत्काल बन्द गराउने ,वृक्षरोपण गर्ने ,उद्योगबाट हुने ध्वनि प्रदूषण ,वायु प्रदूषण नवीनत्तम प्रविधि भित्र्याएर नियन्त्रण गर्ने ,उद्योग परिसरको उत्तरतर्फ रहेको एसिड टयाङ्की चिम्नी स्थानान्तरण गर्ने लगायतको बिषयमा उद्योग पक्ष सहमत भएको थियो ।

# प्रेस सेन्टरको भेला वीरगञ्जमा हुने



**टुडे समाचारदाता**

कलैया। प्रेस सेन्टर नेपालको राष्ट्रिय भेला माघ १४ गते देखि १६ गते सम्म वीरगन्जमा हुने भएको छ

राष्ट्रिय भेलाका लागि प्रेस सेन्टर नेपालका केन्द्रीय पदाधिकारीहरु वीरगंज आएर छलफलमा जुटेका छन् । भेला व्यवस्थापनका लागि सेन्टरका केन्द्रीय अध्यक्ष विष्णु सापकोटा जुगलको नेतृत्वको टोलीले पर्सा जिल्ला समन्वय समितिका पदाधिकारी, नेपाल पत्रकार महासंघ र जिल्लाका विभिन्न पत्रकार संगठनहरूसँग छलफल गरेको छ।

छलफलका क्रममा प्रेस सेन्टरले पर्सामा पहिलो पटक राष्ट्रिय स्तरको कार्यक्रम आयोजना गर्न लागिएकोले यसलाई अर्थपूर्ण रुपमा हेरिएको प्रेस सेन्टरका नेपालका केन्द्रीय उपाध्यक्ष एवं मधेश इन्चार्ज गोविन्द देवकोटाले जानकारी दिए । भेलाको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्ने कार्यक्रम रहेको बताइएको छ।

# कम्बल वितरण



**टुडे समाचारदाता**

महोत्तरी । नेपाल रेडक्रस सोसाइटी महोत्तरी जलेश्वर शाखाले राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीमा अध्ययनरत विद्यार्थीलाई कम्बल वितरण गरेका छन् ।

मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डल प्रमुख जिल्ला अधिकारी दीपक पहाडी, रेडक्रसका जिल्ला सभापति दीपक मिश्रले सो विद्यालयका छात्रहरुलाई कम्बल वितरण गरेका थिए।

कार्यक्रममा रेडक्रसका मन्त्री अमरनाथ कुँवर, कोषाध्यक्ष विजय गुप्ता र विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेल सहभागी थिए।

# 'सरकारले जनअपेक्षा पूरा गर्न सफल होस

काठमाण्डु। स्वतन्त्र अमरेशकुमार सिंहले सरकारको नेतृत्व गर्नेले अर्काको पहिचान मेटाउने काम गरे मुलुकमा पुनः अशान्ति उत्पन्न हुने खतरा रहेकाले त्यसतर्फ ध्यान दिन आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पेश गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावमाथिको छलफलमा उहाँले भन्नुभयो, 'प्रधानमन्त्रीज्यू, तपाईंले गरेका वाचा पूरा गरिदिनुस्, प्रस्तावलाई समर्थन गर्छु, विश्वासको मत दिन्छु।'

अर्का स्वतन्त्र सांसद प्रभु साहले जनता र निर्वाचित संस्थाप्रति जवाफदेही भएर सरकारलाई काम गर्न सुझाव दिँदै आफ्नो सहयोग र समर्थन रहने बताउनुभयो। रासस

# राष्ट्रनिर्माताको सम्मानमा सार्वजनिक बिदा महत्वपूर्ण हुने

काठमाण्डु । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्मजयन्तीको स्मरणमा सरकारले पुस २७ गते सार्वजनिक बिदा दिने निर्णय गरेपछि त्यसको विभिन्न क्षेत्रबाट स्वागत भएको छ।

आधुनिक नेपाल एकीकरणको नेतृत्व गरेर बाइसे चौबिसे राज्यमा छरिएका भूभागलाई एकीकरणमा महत्वपूर्ण योगदान गरेकाले अधिकांश नेपालीले जन्मजयन्तीमा बिदाको माग गर्दै आएका थिए। सरकारले सोमबारको मन्त्रिपरिषद् बैठकबाट बिदा दिने निर्णय गरेको हो।

दोस्रो जनान्दोलन अगाडिका सरकारले जन्मजयन्तीलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाउनाका साथै उक्त दिन सार्वजनिक बिदा दिने गरेकामा विसं २०६२/६३ को राजनीतिक परिवर्तनसँगै त्यो प्रचलनको अन्त्य गरिएको थियो । आन्दोलनपछि बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले पृथ्वीजयन्तीमा बिदा कटौतीको निर्णय गरेको थियो।

साहित्यकार मोदनाथ प्रश्रित, संस्कृतिविद् डा रमेश ढुङ्गेल, पर्यटन व्यवसायी भरत बस्नेतलगायतको समूहले राष्ट्र निर्माणको गौरव तथा इतिहासलाई संरक्षण गर्नुपर्ने अभियान सञ्चालन गरेर नुवाकोटलगायत केही भत्काइएका स्थानमा सालिक पुनः स्थापना गरेको थियो।

राष्ट्रनिर्माताका योगदानलाई महत्वहीन भएको भ्रम फैलाउँदै केही समूहद्वारा एकीकरणको औचित्यमाथि नै प्रश्न उठाउने, सालिक भत्काउनेसम्मका कार्य गरिएका थिए । मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता र स्वतन्त्रता अक्षुण्ण राख्न उहाँले निर्वाह गरेको भूमिकालाई आधुनिक नेपालमा बसोबास गर्ने नेपालीले बिर्सन नहुने राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले बताउनुभयो।

उहाँले प्रत्येक वर्ष जन्मजयन्तीका दिन निरन्तर बिदाको माग गर्दै आफ्नो पार्टीले जन्मजन्तीको स्मरणका लागि विचार गोष्ठी तथा शुभकामना आदानप्रदानको सुरुआत गरेकामा सरकारले गरेको निर्णयप्रति खुसी व्यक्त गर्नुभयो । इतिहासको अपव्याख्या गरेर नेपाल एकीकरणकर्ताको जन्मदिनलाई बिर्साउने गरी भएको गल्तीलाई सच्याएर नेपाली नोटमा पृथ्वीनारायणको तस्बिर अङ्कित गर्न राप्रपाले माग गर्दै आएको छ।

सो पार्टीले देशैभर रहेका सबै जिल्ला समितिलाई पृथ्वीजयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाउन परिपत्र गरेको छ। विसं १७७९ पुस २७ गते गोरखामा जन्मेर विसं १७९९ चैत २५ गते राजा भएसँगै उहाँले विसं १८०१ असोज १५ गते नुवाकोटमा आक्रमण तथा विजय गरी एकीकरणको अभियान सुरु गरेको इतिहास पाइन्छ।

गोरखाका राजा नरभूपाल र रानी कौशल्यावतीका छोराका रूपमा जन्मिएका उहाँ 'रामायण', 'महाभारत' र 'शुक्रनीति' जस्ता ग्रन्थबाट राज्य सञ्चालनसम्बन्धी ज्ञान दिइएकाले 'युद्धकला' र 'कूटनीति' मा निपुण हुनुहुन्थ्यो।

इतिहासविद्का अनुसार धनुबाण, तरवार, युद्धकला, घोडसवारी दौडमा युवावस्थादेखि नै उहाँको लगाव भएको पाइन्छ।

नजिकका कमजोर राज्यलाई समाहित गर्दै काठमाडौं उपत्यकालाई एकीकरणका माध्यमबाट प्राप्त गर्ने योजनाअनुसार शाह सफल भएको नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति जगमान गुरुङले बताउनुभयो । छरिएका राज्यलाई एकीकरणका माध्यमबाट पृथ्वीनारायणले आधुनिक नेपाल निर्माण गरी विभिन्न जाति र समुदायले सजिएको राष्ट्रका रूपमा विकास गरेकाले उहाँलाई नेपालीले सदैव सम्मान गर्नुपर्ने तथा जन्मजयन्तीलाई एकता दिवसका रूपमा मनाउन सरकारले दिएको बिदाको महत्व हुने गुरुङले विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "कुनै पनि मुलुकको राष्ट्र निर्माताको जन्मजयन्ती मनाउने परम्परा हुन्छ, राष्ट्रपिताको तुलना अरू कसैसँग हुन सक्दैन।"

मकवानपुरकी राजकुमारी इन्द्रकुमारीसँग विवाह गरेका उहाँले विसं १७९८ मा काठमाडौं आउँदा गोरखा दरबारबाट ल्याएका केही वस्तु भक्तपुरका राजा रणजित मल्ललाई उपहारका रूपमा दिएको र चाँगुनारायण, पशुपति तथा गुहेश्वरीलगायत मन्दिर दर्शन गर्ने क्रममा उपत्यकाको भूभागलाई एकीकरण गर्ने इच्छा राखेको इतिहास पाइन्छ।

करिब २० वर्षको उमेरमा राजा भएका उहाँले एकीकरणका क्रममा मकवानपुर पनि कब्जा गरेक बताइन्छ । एकीकरणका क्रममा उहाँले विसं १८१४ देखि करिब सात वर्षसम्म तीन पटक कीर्तिपुरमा आक्रमण गर्नुभएको थियो । कीर्तिपुरवासीसँग दुई पटक पराजित भएका उहाँले तेस्रो पटकको प्रयत्नमा विजय हासिल गरेको बताइन्छ । काठमाडौं, ललितपुर र भक्तपुरबाट सैन्य सहयोग प्राप्त गरेको कीर्तिपुरसँगको युद्धमा गोरखाली सेनाको नोक्सानी भएको थियो । नेपाली सेनाले केही वर्षदेखि पृथ्वीजयन्तीका अवसरमा गोरखाबाट काठमाडौँसम्म 'एकीकरण पदयात्रा' गर्दै आएको छ । एकीकरणका सन्दर्भमा त्यस क्षेत्रमा प्रयोग भएको मार्गमा सेनाले पुस २० गते गोरखाबाट यात्रा सुरु गरेर धादिङ, नुवाकोट र नागार्जुन हुँदै पुस २७ गते हनुमानढोका आइपुग्ने गरेको छ।

विसं १८२४ असोज १५ गते गोरखाली सेनाले सिन्धुलीगढीमा इस्ट इन्डिया कम्पनी सेनासँग गरेको युद्धलाई महत्वपूर्ण मानिन्छ । पूर्वमा जापानदेखि पश्चिमका ल्याटिन अमेरिकी भूभागमा फैलिएको बेलायती साम्राज्यलाई रोक्न उहाँको नेतृत्वमा सञ्चालन भएको एकीकरण अभियानले प्राप्त गरेको सफलताले विश्व इतिहासमा गोरखालीको गौरव बढाएको थियो।

सो स्थानमा गोरखाली सेनाले ' किन लक' नेतृत्वको दुई हजार चार सय अङ्ग्रेज सैनिकसँग युद्ध गरी एक हजार छ सय सैनिकलाई मारेको इतिहास छ। त्यसबेलासम्म काठमाडौं उपत्यका एकीकरण भइसकेको थिएन।

करिब दुई हजार पाँच सय मिटर अग्लो उक्त स्थानमा अहिले सेनाले पहिलो युद्ध सङ्ग्रहालय निर्माण गरेको छ। रु चार करोड ५० लाख खर्चमा बनेको सङ्ग्रहालयमा तत्कालीन युद्धमा प्रयोग गरिएका सैनिक पोसाक, हातहतियार, अन्य सैन्य सामग्री र त्यस युद्धमा प्रयोग भएका अरू ऐतिहासिक वस्तु तथा सामग्री सङ्कलन गरिएका छन्।

काठमाडौँदेखि एक सय ५० किलोमिटर दूरीमा रहेको सिन्धुलीगढीमा निर्माण गरिएको उक्त सङ्ग्रहालयमा तत्कालीन छ शिलालेखसमेत राखिएका छन्। ती शिलालेख देवानगरीमा लेखिएका छन् र केही अस्पष्ट देखिन्छन्।

विसं १८२५ मा काठमाडौँलाई एकीकरण गरेका गोरखाली सेनाले क्रमशः ललितपुर र भक्तपुरमाथि पनि विजय गरेको थियो।

पृथ्वीजयन्तीका अवसरमा विसं २०७४ मा शेरबहादुर देउवा नेतृत्वको सरकारले सार्वजनिक बिदा दिएर सिंहदरबारको मुख्य प्रवेशद्वारअगाडि रहेको शाहको सालिकमा फूलमाला चढाइएको थियो । त्यसपछि बनेको केपी शर्मा ओली नेतृत्वको सरकारले पुनः बिदा कटौती गरेको थियो।

नेपाल चलचित्र कलाकार सङ्घका वरिष्ठ उपाध्यक्ष मोहन निरौलाले पृथ्वीनारायण शाहको स्मृतिमा राष्ट्रिय एकता दिवस मनाउने परम्परालाई निरन्तरता दिने कार्यको सराहना गर्दै यस कार्यले नेपाल र नेपालीको नाम र पहिचान मिलेको धारणा राख्नुभयो।

एकीकरण अभियानमा शाहले लिएका नीति तथा राज्यलाई जोगाउन दिएका 'दिव्योपदेश' अहिले पनि उत्तिकै सान्दर्भिक छन्। ती उपदेशमा गृहनीति, परराष्ट्रनीति, अर्थनीति, खेतीयोग्य जमिनको रक्षा, खानी, लडाकु सैनिक र शस्त्र सङ्ग्रह गरी देशको रक्षा गर्ने विषयवस्तु समेटिएका छन्। नेपाल चार जात ३६ वर्णको फूलबारी भएको जनाउँदै उहाँले घूस लिने र घूस दिने दुवै अपराधी भएको नारालाई अघि बढाउनुभएको थियो।रासस

# सिट सङ्ख्या निर्धारण गरेर भर्ना प्रक्रिया अगाडि बढाउन निर्देशन

काठमाण्डु। चिकित्सा शिक्षा अयोगले चिकित्सा शिक्षातर्फ प्रवीणता प्रमाणपत्र तहमा सिट सङ्ख्या निर्धारण गरेर मात्र भर्ना प्रक्रिया अगाडि बढाउन सम्बन्धित सबै कलेजलाई निर्देशन दिएको छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत चिकित्सा शिक्षातर्फका प्रवीणता प्रमाणपत्र तह वा सो सरहका कक्षा सञ्चालन गरिरहेका कलेजलाई आयोगको अनुमति बिना भर्ना प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको हो।

आयोगका सदस्यसचिव डा भोजराज शर्मा काफ्ले केही कलेजले आयोगले कार्यक्रमगत रूपमा सिट निर्धारण नगरी भर्ना प्रक्रिया अगाडि नबढाउन निर्देशन दिएको बताउनुभयो । आयोगले कुनै पनि शैक्षिक संस्थाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ को दफा १७ अनुसार यस आयोगबाट कार्यक्रमगत रूपमा सिट निर्धारण भएका शैक्षिक संस्थाका लागि मात्र उक्त ऐनको दफा १६ (५) को (ग) अनुसार आयोगको समन्वय परिषद्ले प्रवेश परीक्षा लिई सोको योग्यताक्रममा रहेका उम्मेदवारलाई मात्र भर्ना गर्नुपर्ने जनाएको छ।

"चिकित्सा शिक्षातर्फ प्रवीणता प्रमाणपत्र तह वा सो सरहका कार्यक्रमको आयोगबाट संस्थागत कार्यक्रमगत रूपमा सिट निर्धारण नभई विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाएको जानकारी प्राप्त भएको छ", उहाँले भन्नुभयो, "रित नपुऱ्याई संस्था तथा कार्यक्रममा विद्यार्थी भर्ना प्रक्रिया अगाडि बढाएमा वा विद्यार्थी भर्ना गरेमा त्यस्ता विद्यार्थीलाई आयोगले मान्यता नदिने र सम्बन्धित संस्थासमेत दर्ता गरिने छैन ।" उहाँले आयोगबाट सिट सङ्ख्या निर्धारण भएका शिक्षण संस्था तथा कार्यक्रम यकिन गरेर मात्र भर्ना गराउन कलेजलाई आग्रह गरिएको बताउनुभयो।

**एसिड पीडितको निःशुल्क उपचार**

सरकारले एसिड आक्रमणमा परेका पीडितलाई निःशुल्क उपचारको व्यवस्था गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीले सरकारले एसिड आक्रमणमा परेकालाई चार अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गरिएको बताउनुभयो।

उहाँका अनुसार त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, वीर अस्पताल, पाटन अस्पताल (पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान) र कीर्तिपुर अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गरिएको छ। रासस

# वाग्मती प्रदेश सरकार प्रवक्तामा थपलिया

मकवानपुर। वाग्मती प्रदेश सरकारको प्रवक्ताको जिम्मा आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले पाउनुभएको छ।

प्रदेशका नवनियुक्त मुख्यमन्त्री शालिकराम जमकट्टेलको अध्यक्षतामा मंगलवार बसेको प्रदेश सरकारको मन्त्रिपरिषदको पहिलो बैठकले सरकारको प्रवक्ताको जिम्मा थपलियालाई तोकेको हो।

त्यस्तै, उक्त बैठकले प्रादेशिक संरचना निर्माणका लागि सङ्घीय सरकारसमक्ष पठाइएको जग्गा प्राप्ति सम्बन्धी सिफारिसको अनुगमन गर्ने निर्णय गरेको छ। रासस


**Sakhuwanankarkatti Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sakhuwanankarkatti, Siraha**
**Madhesh Province, Nepal**

**Notice for Financial Opening**

**Date of publication: 2079/09/27(11th January, 2023)**

Pursuant to Clause 25 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the Contract Identification No. NCB/SK/03/2079/80 as per the invitation of bids published in the national daily newspaper on 02 November 2022, that following listed Evaluated Substantially Responsive Bidder has been selected for opening and Evaluation of Financial aspect of bid.

| Description of Contract | Selected Bidder for Financial Aspect of Bid | Financial Opening Date & Time |
|---|---|---|
| Construction of Hospital Building | Ansuman and Associates Pvt. Ltd. Kathmandu | 17 January 2023, 13:00 Hour |

**Chief Administrative Officer**



**Government of Province**
**Madhesh Province**
**Ministry of Industry, Tourism and Forest**
**Division Forest Office, Bara**
**Simara, Bara**

**Invitation for BIDS**

**Publication Date : 2079/09/27**
**Notice No. : 01/079/80**

Division Forest Office,Bara,invites following electronic bids from eligible national bidders under single stage single envelope procedure. Bidders may obtain further information from the PPMO web portal: www.bolpatra.gov.np/egp.

**Last Date & Time of Bid Submission :** 12.00 Hours on Magh 27, 2079
**Bid Opening Date & Time :** 14.00 Hours on Magh 27, 2079


| S. N. | Contract ID | Name of Project | Bid Security | Bid fee | Estimated Cost Without VAT |
|---|---|---|---|---|---|
| 1. | DFO/Bara/ Works/ NCB/01/079/80 | Construction of Subdivision Office Building, Halkhoria, Bara | NRs. 1,57,000.0 | NRs. 3,000 | NRs. 51,47,009.48 With PS |
| 2. | DFO/Bara/ Works/ NCB/02/079/80 | Construction of Subdivision Office Building , Nijgadh , Bara | NRs. 1,57,000.0 | NRs. 3,000 | NRs. 51,47,009.48 With PS |

The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reasons, whatsoever.

**Divisional Forest Officer**

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आलोपालोमा इमान्दारी नहुँदा अस्थिरता

नेपालको राजनीतिमा केही वर्षदेखि प्रधानमन्त्री लगायत मुख्यमन्त्रीमा समेत राजनीतिक दलहरुले आलोपालो प्रणाली अपनाउन थालेका छन् । सरकारका लागि प्रतिनिधि सभा अथवा प्रदेश सभामा चाहिने आवश्यक बहुमत कुनै एकदललाई नपुग्दा अन्य दलको समर्थन लिन सरकार प्रमुखमा आलोपालो प्रक्रिया अपनाउन थालिएकोछ । खासमा यसको प्रयोग दोस्रो संविधान सभामा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालबाट सुरु भएको थियो । संविधान सभामा कुनै दललाई सरकार बनाउन बहुमत नपुगेपछि प्रधानमन्त्री आलोपालो गर्नेगरी एमाले र माओवादी केन्द्रका नेताहरुबीच भद्र सहमति भएको थियो । त्यस अनुसार एमालेका अध्यक्ष केपी शर्मा ओली पहिलो प्रधानमन्त्री बनेका थिए । सहमति अनुसारको अवधि सम्म ओलीले सरकार सञ्चालन गरिसकेपछि प्रचण्डलाई प्रधानमन्त्री दिन अस्वीकार गरे । त्यसपछि दुबै दलमा विवाद भएर सरकारलाई दिएको समर्थन माओवादीले फिर्ता लिए । तर ओलीले माओवादीलाई सरकार बनाउन समर्थन नगरी कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालालाई सरकार बनाउन सघाउने वचन दिए । दुई दलबीच सहमतिको सरकार बन्यो । त्यसपछि सहमतिको कार्यान्वयन भएन् । कोइरालाले सरकारलाई निरन्तरता दिन चाहँदा विवाद भएको थियो । शीर्ष नेताहरुले आलोपालोको सहमतिगरी पहिले समर्थन लिने र त्यसपछि धोका दिने क्रमलाई भंग गरेका छैनन् । तैपनि आलोपालोको सहमति निरन्तर चलिरहेको छ । एकपटक घात गरे पनि अर्कोपटक फेरि सहज रुपमा नै मिल्ने महानता नेताहरुले देखाउँदै आएका छन् । आलोपालो प्रक्रियाका लागि हुने सहमतिको इमान्दारीपूर्वक पालना गरिए देशमा राजनीतिक स्थिरता हुन सक्छ । मुलुकमा राजनीतिक स्थिरता नभएकै कारण अपेक्षाकृत विकास हुन सकेको छैन् । प्राकृतिक सम्पदाले भरिभराउ नेपाल संसारकै उत्कृष्ट पर्यटनको गन्तव्य बन्न सक्छ । जलविद्युत बेचेर पर्याप्त धनराशी ल्याउन सकिन्छ । कृषि क्षेत्रमा मलखाद, सिचाई र आधुनिक उपकरण उपलब्ध गराएर देशमै रोजगारीको अवसर सृजना गर्न सकिन्छ । देशमा ठूला आधुनिक सुविधा सम्पन्न शिक्षण संस्थाहरुको स्थापना गर्ने प्रचुर संभावना छ । तर राजनीतिक अस्थिरताको कारण नेपाल अझै धेरै पछाडि छ । राजनीतिक स्थिरता नभएकै कारण अझ मुलुक पछाडि धकेलिदैछ । नेताहरुले ठूला भाषण गरेपनि काम गर्न सकिरहेका छैनन् । भ्रष्टाचार दिनहुँ बढदो छ । देशमा आर्थिक संकट आउन सक्ने उच्च जोखिम छ । यो सबै समस्याको मुख्य जरो राजनीतिक अस्थिरता नै हो । हालै सम्पन्न आमनिर्वाचनमा कुनै दलले बहुमत ल्याउन सकेको छैन् । त्यसकारण एउटा आलोपालोको गठबन्धन भत्किएर अर्को आलोपालोको गठबन्धनले सरकारको नेतृत्व गर्ने अवसर पाएको छ । आलोपालोको सहमति गरेका शीर्ष नेताहरुले सहमतिप्रति पूर्ण इमान्दार हुनुपर्छ । इमान्दारी नहुँदा गठबन्धन भत्किने र राजनीतिक अस्थिरता हुने देखिएको छ । त्यसकारण गठबन्धनप्रति नेताहरु इमान्दार हुनै पर्छ ।

# राष्ट्रिय एकता दिवस र आजको सन्दर्भ



सञ्जय साह मित्र

पृथ्वी नारायण साहलाई नेपालको इतिहासमा राष्ट्रिय एकताको प्रतीक मानिएको छ । नेपालको राजनैतिक इतिहास पढ्ने हो भने देशको निर्माणमा सबैभन्दा बढी योगदान पृथ्वी नारायण साहले नै दिएका छन् । कतिपयले त पृथ्वी नारायण साहले गोरखाको विस्तृतीकरण गरेका हुन्, नेपालको एकीकरण गरेका होइनन् भन्ने आरोप लगाउने गर्दछन् । पृथ्वी नारायण साह (अब यसपछि पृथ्वी मात्र उल्लेख गरिनेछ) ले एकीकरण नगरेका भए अहिले नेपाल कस्तो हुन्थ्यो होला ? विस्तृतीकरणको आरोपका पक्षधरहरुसित गरिने प्रश्नहरु यस्तै हुन्छन् ।

राष्ट्रियतासित जोडिने प्रश्नहरुमा सबैभन्दा बढी राष्ट्रवादीहरु चिन्तित हुन्छन् । पृथ्वीलाई एकीकरणकर्ता नमान्नेहरुले पनि आफूलाई देशबाहिर गएर नेपाली नै भन्नमा गर्व गर्दा हुन् । गर्नुपर्छ पनि । देश भन्नु मुख्य पहिचान हो । मुख्य पहिचानभित्र अन्य पहिचानहरु हुन सक्छन् । उदाहरणको लागि कोही हिमालको हिमाली नागरिक हौंला, कोही पहाडको पहाडी त कोही तराईको मधेशी । यसै गरी सात प्रदेशको वासिन्दाको हैसियतले पनि कोही एक नम्बरी हौंला, कोही मधेश प्रदेशबा मधेसी, कोही बागमती प्रदेशका बामतिया, कोही गण्डकी प्रदेशका गन्डकिया, कोही लुम्बिनी प्रदेशका लुम्बनिया, कोही कर्णाली प्रदेशका कर्नालीवासी त कोही सुदूरपश्मि प्रदेशका सुदूरपश्चिमेली होऔंला । प्रदेशवासीको पहिचानको नाम फरक भएर आउन सक्ला ।

यसै गरी हिमालमा बस्ने विभिन्न जातिहरु रहेका छन् । हिमालमा बस्ने विभिन्न जातिको आफ्नै पहिचान छ । पहाडमा बस्ने जातिहरु पनि केही हिमालसित मिल्ने छन् र केही हिमालभन्दा फरक छन् । हिमालभन्दा बढी जातिको बसोबास पहाडमा रहेको छ । पहाडका विभिन्न जातिहरुको आफ्नै नाम र पहिचान छ । साथै तराईको कुरा गर्ने हो भने तराईमा त झन् जातीय विविधता रहेको छ । तराईमा बस्नेलाई पहिलेदेखि मधेसी भन्दै आएको थियो । अब मधेसीमा पनि पहिचानको लडाईँ सुरु भएपछि मुस्लिम समुदाय र थारु समुदाय आफूलाई मधेसी मान्न तयार देखिएका छैनन् । मधेसमा पनि पहाडबाट धेरै मानिस बसाईँ सरेर आएका छन् । मधेशका रैथाने मधेसी र आगन्तुक मधेसी गरी दुई थरि मधेसीहरु रहेका छन् । उसो त बसाईँ सरेर जाने क्रम करिब नेपालभरि नै रहेका छन् । विभिन्न पेसाका कारणले आफ्नो सुविधाअनुसार गाउँबाट सहरतिर र एक ठाउँबाट अर्को ठाउँमा जाने क्रममा अब मधेसीहरु पनि लाखौंको संख्यामा काठमाडौं उपत्यकामा पुगिसकेका छन् ।

जो जहाँबाट जहाँ बसाईँ सरे पनि दुई किसिमले बाँचिरहेका छन् । आफ्नो जातीय पहिचान र अस्तित्व बचाउन खोजिरहेका छन् र जहाँ नवागन्तुक बनेर बसेका छन्, त्यहाँको स्थानीय संस्कृतिलाई आत्मसात गरिरहेका छन् । यसले गर्दा संस्कृतिको अन्तर्घुलन भइरहेको छ । एकले अर्काको संस्कृतिलाई मान्ने प्रवृत्तिको विकास भइरहेको छ । एक किसिमले सांस्कृतिक विविधतामा पनि सांस्कृतिक एकताको बलियो उदाहरण हाम्रो समाज बन्दै गइरहेको छ । यसको प्रष्ट उदाहरण दशैं, छठ, नयाँ वर्ष, तिलवासक्रात र अन्य पर्वहरु हुन थालेका छन् । आज छठ पबनी हिमालमा पनि मनाइन थालेको छ, पहाडका सबै सहरमा धुमधामका साथ मनाइने गरिन्छ छठ पबनी । यसै गरी हाम्रो तराईमा मनाइने दशैंको परम्परागत स्वरुपमा पहाडमा मानिने दशैंको प्रभाव हावी भइसकेको छ । यद्यपि हामी आफ्नो घरमा भने परम्परागत किसिमले नै दशैं मान्ने मनाउने गरेका छौं । अब पूर्व र पश्चिमको संस्कृतिमा पनि एकता देखिन्छ । यसरी जातीय विविधता, सांस्कृतिक अनेकता तथा भाषिक विविधताको बिचमा पनि हामी सबै किसिमले राष्ट्रिय एकताको सबालमा केन्द्रित हुन्छौं अर्थात् हामी सबै अनेकतामा एक छौं र एकताभित्र अनेक छौं भन्ने तथ्यलाई स्वीकार गर्दछौं । यहींनेर पृथ्वीको एकीकरणलाई सार्थक भएको मान्दछौं । आफूलाई अखण्ड नेपालको एक नागरिक हुनुमा गर्व गर्दछौं । गर्वको अनुभूति गराउने विन्दूको खोजी गर्दै जाँदा पृथ्वीसम्म पुग्नै पर्दछ । पृथ्वीले एकताको बाटो बनाए र फराकिलो बाटोमा हिँड्दै हामी आज पनि उही एकताको बाटोमा सुगम यात्रा गरिरहेका छौं ।

एक राष्ट्रवादी नागरिक जब देशको कुनै सुदूर कुनामा पुग्दछ र जब आफ्नो भाषा, भेष, परिवेश, संस्कृति तथा सांस्कृतिक पर्यावरणभन्दा निकै पृथक आफ्नो देशलाई पाउँछ तब आफ्नो देशप्रति आफूलाई फरक किसिमले गर्वको अनुभूति हुन्छ किनभने त्यस सांस्कृतिक परिवेशलाई पनि आफ्नै ठान्ने मनोभाव उत्पन्न भएको हुन्छ । मनको जुन कुनामा वा हृदयको कुनै कुनामा आफ्नो पनको भाव उत्पन्न हुन्छ, त्यो पनि एकताकै भाव हो, राष्ट्रिय एकताको भावना हो र राष्ट्रिय एकताको भाव र भावनाको विकास पृथ्वीबाट भएको भन्ने कुरामा शंका छैन । पृथ्वीले राष्ट्रिय एकीकरण अभियान नथालेको भए नेपालको एकीकरण हुने थिएन भन्ने भनाइ धेरैको रहेको छ । यो भनाइ शतप्रतिशत सही हो भन्ने मलाई लागेको छ ।

हाम्रो देश राजनैतिक दृष्टिकोणले निरन्तर आन्दोलन भइरहने देशको रुपमा रहेको छ । राणा शासनपछि यस देशमा धेरै आन्दोलनहरु भएका छन् । आन्दोलन त विचारको पनि हुन्छ । राजनीति जहिले पनि विचारले निर्देशित हुन्छ । कतिपय अवस्थामा राजनीतिको आन्दोलनमा पृथ्वीलाई नमान्ने र कतिपय आन्दोलनले पृथ्वीलाई मान्ने गरी विचारहरु प्रवाहित भइरहे । नेपालका अहिले विभिन्न संस्कृतिको बारेमा सबैलाई जान्ने र मान्ने अवसर पाउनुमा धेरै हदसम्म राजनैतिक आन्दोलनको परिणति हो । राजनैतिक प्रभावले नै जसको जहाँ जहिले पहुँच हुन्छ, आफूले मान्ने पर्वलाई राष्ट्रिय पर्वको रुपमा मान्ने वा त्यस दिन राष्ट्रिय पर्वको रुपमा देशमा विदा दिने गरिन्छ । केही वर्षपछि पुथ्वी जयन्ती अर्थात् राष्ट्रिय एकता दिवसको अवसरमा आजको दिन देशभर सार्वजनिक विदा दिइएको छ ।

पृथ्वी जयन्तको दिन देशमा सार्वजनिक विदा दिइनु अत्यन्त स्वाभाविक हो । पृथ्वी जयन्तीलाई नमाने पनि नेपाललाई त पक्कै मानेका छन् । नेपालको लागि यो दिन निकै महत्वपूर्ण छ । पृथ्वीको जन्म भएको दिन भएको कारणले पनि हामी नेपाली कहलिन पाएका छौं । नेपाली कहलिनुमा पृथ्वीको भूमिका छ । पृथ्वीले चाहेका भए देशको राजधानी गोरखा बनाउन सक्थे । उनले गोरखा राजधानी बनाएनन् । उनले चाहेका भए देशको नाम गोरखा नै रहन दिन्थे । उनी गोरखाका राजा थिए । गोरखाको विस्तृतीकरण मान्नेहरुले यो बुझ्नु आवश्यक छ कि पृथ्वीले गोरखाको विस्तृतीकरण गरेका भए देशको नाम गोरखा नै राख्ने थिए तर उनले त्यसो गरेनन् । यसको अर्थ यो हो कि नेपालको एकीकरण गरेका हुन्, गोरखाको विस्तृतीकरण होइन । देशको नाम नेपाल राख्नु र देशको राजधानी काठमाडौंलाई बनाउनुमा पृथ्वीले देखाएको दूरदर्शिताले सबै किसिमका राजनैतिक आरोपहरुलाई खण्डन गर्ने सामर्थ्य राख्दछ । यसको अर्को उदाहरण, जब काठमाडौंलाई पृथ्वीले जिते तब काठमाडौंवासी एउटा पर्व मनाइरहेका थिए । पृथ्वीले उक्त पर्वलाई सांस्कृतिक दृष्टिकोणले मनाइरहन नै आदेश दिए । पर्वलाई रोक्न चाहेनन् र काठमाडौंवासीमा कुनै डर उत्पन्न नहोओस् भन्ने चाहे । यसरी पृथ्वीले एकता र एकीकरण गरेका हुन्, विस्तृतीकरण होइन ।

आजको सन्दर्भका पृथ्वी दिवस र राष्ट्रिय एकता दिवसको निकै ठूलो महत्व भएको छ । अहिले देश सात प्रदेशमा विभक्त भएको छ । पहिले पाँच विकास क्षेत्र भनेर पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा थियो । अहिलेको प्रदेशको संरचना पनि कतिपयलाई मन परेको छैन । मन नपर्नुका पछाडि धेरै कारणहरु हुन सक्छन् तर अहिलेको यथार्थलाई स्वीकार्नु सबैको धर्म हो, कर्तव्य हो । यसै यथार्थको धरातलमा उभिएर हामीले पृथ्वीलाई एकताको प्रतीक मानिरहेका छौं । अहिले जसरी हामी अनेकमा एक छौं र एकभित्र अनेक छौं भनिरहेका छौं । एकताभित्र हाम्रो विभाजित पहिचानलाई कायम राख्न पनि राष्ट्रिय एकता दिवसको अन्तर्यलाई बुझ्नु जरुरी छ । विविधतालाई नै एकता गर्ने हो भन्ने मान्यतालाई सबैले मान्नु पर्दछ । यहाँ राष्ट्रिय एकता दिवसले भौगोलिक एकता, राजनैतिक एकता तथा सांस्कृतिक एकतालाई पनि दर्शाउँछन् ।

अहिलेको समयमा कोही पनि बाइसे चौबिसेको समयको कल्पना गर्न सक्दैन । कोही पनि त्यस्तो कल्पना गर्न सक्दैन । यदि कल्पना नै गर्दैन भने यसको अभ्यन्तरमा यो पनि छ कि यस एकतालाई अन्तर्हृदयमा स्वीकार गरेका छन् । यही नै हाम्रो एकताको विशिष्टता हो कि पृथ्वीलाई नमान्ने भनी ठान्नेले पनि पृथ्वीलाई हृदयदेखि सम्मान गर्दछन् । हिमालदेखि तराईसम्म र पूर्वदेखि पश्चिमसम्म अनेक विविधताबिच एकताको सन्देश दिने आजको दिनलाई हरेक नेपालीले श्रद्धाका साथ स्वीकार गर्नुपर्छ र हरेक नेपालीले पृथ्वीप्रति श्रद्धा देखाउनु पर्दछ । कतिपय कामकुरो तत्कालीन परिवेशअनुकूल गरिएको हुन्छ । कालान्तरमा परिवेश बदलिन्छ । परिवेश बदलिएपछि नयाँ परिवेशअनुसार पुरानो कामको मूल्यांकन गर्दछौं । हुन त जुनसुकै परिवेशमा पनि जुनसुकै कामको मूल्यांकन गर्न सकिन्छ तर यस्ता राजनैतिक एकीकरणमा यस्ता कुरालाई अपवाद मान्नुपर्दछ । यद्यपि आजको परिवेशमा पनि पृथ्वीको एकता अभियानको सार्थकता रहेको छ । हामी सबै नेपालीले आफूप्रति नेपाली हुनुमा जसरी गर्व गर्दछौं, त्यसै गरी नेपालीलाई एकता गराउने पृथ्वीप्रति गर्व र श्रद्धाको भाव पनि राख्दछौं । यसका पनि केही अपवाद होलान् । अपवादको रुपमा केही समय कसैले नमान्लान् तर अन्तर्हृदयबाट सदैव सबै नेपालीले नेपालको इतिहासमा आजको दिनलाई विशेष र विशिष्ट दिन मानेर पृथ्वीलाई सम्झिनेछन्, सम्झिइरहने छन् ।

# गर्भावस्थामा खोपको महत्व



डा अश्वनी कुमार गुप्ता

कुनै पनि खोप लगाउनुअघि उचित अभ्यासहरूमा महिलालाई उनीहरू गर्भवती भए वा अर्को चार हप्तामा गर्भवती हुन सक्छन् भनी सोध्नु र गर्भावस्थामा वा गर्भधारण हुनुअघि नै खोपको सम्भावित जोखिमहरूको बारेमा उनीहरूलाई परामर्श दिनु आवश्यक हुन्छ ।

खोपले गर्भावस्थाअघि, गर्भावस्थाको समयमा र पछि महिलाहरूलाई र उनीहरूका बच्चाहरूलाई स्वस्थ राख्न मद्दत गर्छन्। यी खोपहरूको प्रतिक्रियामा आमाहरूको शरीरमा एन्टिबडीहरू विकास गर्छन् जसले तिनीहरूलाई बचाउन मात्र होइन, तिनीहरूका बच्चाहरूलाई जीवनको सुरुमै गम्भीर रोगहरूबाट बचाउन मद्दत गर्दछ। गर्भावस्थाको समयमा खोप लगाउनाले आमा र नवजात शिशुलाई गम्भीर रोग लाग्नबाट जोगाउँछ ।

इन्फ्लुएन्जा मौसममा गर्भवती भएका सबै बिरामीहरूले निष्क्रिय इन्फ्लुएन्जा खोप लगाउनु पर्छ। इन्फ्लुएन्जा खोपको गर्भवती महिलाहरूमा विशेष महत्व हुन्छ। मातृ खोपले जीवनको पहिलो केही महिनामा बच्चाहरूलाई निष्क्रिय सुरक्षा प्रदान गर्दछ। गर्भवती महिलाहरू र साना शिशुहरू इन्फ्लुएन्जाको जटिलताहरू विकास गर्ने विशेष रूपमा उच्च जोखिममा हुन्छन्। इन्जेक्टेबल (इन्ट्रामस्कुलर) मौसमी इन्फ्लुएन्जा खोप ("फ्लू शट") फ्लूको मौसममा गर्भवती भएका वा हुने सबै महिलाहरूका लागि सिफारिस गरिन्छ। गर्भावस्थाको समयमा फ्लूशट प्राप्त गर्दा भ्रूणको लागि कुनै ज्ञात हानिकारक प्रभावहरू छैनन् ।

**गर्भावस्थाको समयमा कुन खोपहरू सुरक्षित छन् ?**

यदि गर्भवती हुनुहुन्छ वा गर्भावस्थाको योजना बनाउनुहुन्छ भने, चाहिने विशेष खोपहरू उमेर, जीवनशैली, यात्रा, र अघिल्लो खोपहरूको रेकर्डद्वारा निर्धारण गरिन्छ। यदि गर्भावस्थाको योजना बनाउँदै हुनुहुन्छ भने, सबै खोपहरू बारे अद्यावधिक हुने बारे स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुपर्छ। केही खोपहरू, जस्तै दादुरा, मम्प्स, रुबेला (एमएमआर) खोप गर्भधारण हुनुभन्दा एक महिना वा सोभन्दा बढी समय दिनुपर्छ ।

**केही खोपहरू गर्भावस्थाको समयमा प्राप्त गर्न सुरक्षित छन् ।**

- इन्फ्लुएन्जा (फ्लू)
- टिटानस, डिप्थेरिया र पर्टुसिस
- कोभिड-१९ खोप

इन्फ्लुएन्जा (फ्लू)- सबै वयस्कहरूले प्रत्येक वर्ष फ्लूको खोप लगाउनुपर्छ तर यो विशेष गरी गर्भवती महिलाहरूलाई फ्लू खोप प्राप्त गर्न महत्त्वपूर्ण हुन्छ। किनभने गर्भवती महिलाहरू गर्भवती नभएका मानिसहरूको तुलनामा फ्लूले बढी गम्भीर रूपमा बिरामी हुन्छन्। फ्लू खोपले महिलालाई बिरामी हुनबाट जोगाउन सक्छ। यसले नवजात बच्चालाई जीवनको सुरुका केही महिनाहरूमा फ्लू लाग्नबाट पनि बचाउन सक्छ । टिटानस, डिप्थेरिया र पर्टुसिस (त्मबउ)- टिटानसले मांसपेशीहरूलाई असामान्य रूपमा तनाव उत्पन्न गर्छ। डिप्थेरियाले घाँटीको पछाडि बाक्लो आवरण निम्त्याउन सक्छ जसले सास फेर्न समस्या निम्त्याउन सक्छ। पर्टुसिस, जसलाई "हुपिङ कफ" पनि भनिन्छ, यसले गम्भीर खोकी निम्त्याउँछ। सबै गर्भवती महिलाहरूले गर्भावस्थाको २७ देखि ३६ हप्तामा टिटानस, डिप्थेरिया र पेर्टुसिस खोप लगाउनु पर्छ, यद्यपि तिनीहरूले यो पहिले नै पाएका भए पनि यो प्रायः बच्चालाई जन्मेको पहिलो केही महिनामा खोकी लाग्नबाट बचाउनको लागि हो। बच्चाहरूमा हुपिङ खोकी गम्भीर वा घातक पनि हुन सक्छ। मातृ एन्टिबडीहरूको प्लेसेन्टल स्थानान्तरणले पर्ट्युसिस विरुद्ध शिशुको निष्क्रिय सुरक्षा प्रदान गर्न सक्छ ।

कोभिड-१९ को खोप- विज्ञहरूले गर्भवती व्यक्तिहरूलाई सङ्क्रमण हुने सम्भावना कम गर्न र रोगको गम्भीरता कम गर्न खोप लगाउन सुझाव दिन्छन्। कोभिड-१९ खोपहरूले गर्भपतन (गर्भावस्था हानि) को जोखिम बढाउँदैन वा विकासशील बच्चालाई हानि गर्दैन। खोप लगाउनुको अतिरिक्त, बिरामी भएका मानिसहरूबाट टाडा बसेर, आफ्नो हात बारम्बार धुने र भीडभाड हुने सार्वजनिक स्थानहरूमा अनुहार छोपेर आफूलाई सुरक्षित राख्न सक्नुहुन्छ । गर्भवती महिलाहरूले भ्रूणको लागि सैद्धान्तिक जोखिमको कारणले लाइभ खोपहरू (जस्तै, दादुरा, मम्प्स, रुबेला, भेरिसेला, लाइभ इन्फ्लुएन्जा खोप) बेवास्ता गर्नुपर्छ। अन्य खोपहरू, जस्तै ह्युमन प्यापिलो माभाइरस खोप सुरक्षामा सीमित डेटाको कारणले सिफारिस गरिँदैन ।

गर्भावस्था अघि सिफारिस गरिएका खोपहरू गर्भावस्थाको योजना बनाउने जो कोहीले सिफारिस गरे अनुसार सबै नियमित खोपहरू प्राप्त गरेको हुनुपर्छ ।सौजन्य :स्वास्थ्य खबर

# पृथ्वीको गर्भमा सहर बिलाउने डर

**बीबीसी न्यूज**

भारतको उत्तराखण्डस्थित पहाडी सहर जोशीमठमा रहेको आफ्नो घरमा ज्यानुअरी २ को बिहानीपख आएको ठूलो आवाजले प्रकाश भोटियालको निद्रा बिथोल्यो । कपडा सिलाउने काम गर्ने ५२ वर्षीय भोटियालले भर्खरै मात्र दुईतले बनाएका थिए। बत्ती बालेर हेर्दा घरका ११ कोठामध्ये नौ वटामा पर्खाल चर्किएको थियो ।

परिवारका सबै जना त्यो देखेर आत्तिए। उनीहरू सामान्य चर्किएका बाँकी दुई कोठामा कोचिए र बसे। त्यसयता उनीहरू घरमै जेनतेन बसिरहेका छन् । 'हामी अबेरसम्म नसुती बस्छौं। सानो आवाजले पनि अत्त्याउँछ। केही पऱ्यो भने दौडेर बाहिर आउन मिल्नेगरी ओछ्यानमा जान्छौं,' भोटियालले भने ।तर घरबाहिर पनि पूरै सुरक्षित चाहिँ छैन । झन्डै २०,००० मानिस बस्ने यो पहाडी बस्ती बिस्तारै भासिँदै गएको अधिकारीहरूले बताएका छन् ।बिस्तारै घरहरू भासिन थालेपछि जोशीमठमा सबैतिर त्रास फैलिएको छ ।

अधिकारीहरूले जोशीमठमा रहेका ४,५०० मध्ये अहिलेसम्म ६०० वटाभन्दा बढी घर चर्किएको बताएका छन् ।

यो क्षेत्रमा सडक, रोपवे र मठमन्दिरहरूमा पनि चिराहरू देखा परेका छन्। होटल भएका दुईवटा भवन पनि ढल्किएर एकअर्कामा आड लागेका छन् । अधिकारीहरूले ७० परिवारलाई यहाँबाट उद्धार गरेर विद्यालय, होटल र होमस्टेहरूमा राखिएको बताएका छन् ।प्रभावित क्षेत्रमा विपद् प्रतिकार्य टोली परिचालन गरिएको छ र आवश्यक परेको अवस्थामा हवाई उद्धारका लागि हेलिकप्टर माग गरिएको छ ।

जीवनरक्षा हाम्रो पहिलो प्राथमिकता हो, उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले भने ।घरहरू भासिन र चर्किन थालेपछि जोशीमठको जनजीवन थप कष्टकर भएको छ।

ज्यालादारी गरेर जीविका चलाउँदै आएका ५२ वर्षीय दुर्गाप्रसाद सकलानीको घर चर्किएपछि १४ जनाको उनको परिवारलाई एउटा होटलमा सारिएको छ ।

तर दिउँसो भएपछि सकलानी परिवारका सबै जना गाईलाई घाँस र खोले दिन र खाना खान आफ्नै घरमा फर्किन्छन्।

उनीहरूको घर दुई फिटभन्दा बढी भासिएको छ र थप भासिन नदिन उनीहरूले चिरा परेका ठाउँमा रूखका मुढा हालेका छन्।

सकलानीकी श्रीमतीको हालै स्थानीय क्लिनिकमा शल्यक्रिया भएको थियो। साँघुरो होटलको कोठामा उनी कसरी निको होलिन् भन्ने चिन्तामा यो परिवार छ ।

हरेक दिन चिरा परेको ठाउँ ठूलो हुँदै गएको छ र हामी हाम्रो घर ढल्दै गरेको हेरेर बस्नुपरेको छ। यो भयानक दृश्य हो, यही परिवारकी नेहा सकलानीले भनिन् । यो सङ्कट अचानक आएको चाहिँ होइन ।जोशीमठ कमजोर भौगोलिक अवस्थितिमा रहेको ठाउँ हो । यो सहर भिरालो पहाडको बीचमा छ र



एक शताब्दीभन्दा अघि भूकम्पका कारण गएको पहिरोले जम्मा गरेको ढुङ्गामाटोमाथि बस्ती बसेको छ। जोशीमठ भूकम्पको जोखिम भएको ठाउँ हो ।जमिन विभिन्न कारणले भासिन सक्छ ।

पृथ्वीको चट्टानी सतहको हलचल वा भूकम्पका कारण पनि जमिन भासिन सक्छ ।जमिनमुनि बग्ने पानीले सतहमुनिको चट्टान खियाउँदा पनि जमिनमा भ्वाङहरू पर्न सक्छन्।

कहिलेकाहीँ भूमिगत पानीको अत्यधिक दोहनले पनि जमिन भासिन सक्छ। भूगर्भविद्हरूले इन्डोनेशियाको राजधानी जकार्ता विश्वका अन्य सहरहरू भन्दा छिटो भासिँदै गएको बताउने गरेका छन् । अमेरिकी भूगर्भ अध्ययनले विश्वमा ८० प्रतिशत जमिन भासिने घटनाहरू भूमिगत पानीको अत्यधिक दोहनका कारण निम्तिने गरेको देखाएको छ ।

**बेवास्ता**

जोशीमठमा जमिन भासिनुमा पनि मानवीय गतिविधि एउटा कारण हुनसक्ने ठानिएको छायो ठाउँमा विगत केही दशकहरूयता खेतीका लागि ठूलो मात्रामा भूमिगत पानी तानेर प्रयोग गर्ने गरिएको छ।

त्यसो गर्दा सतहमुनिको बालुवा र चट्टानलाई कमजोर बनाउन सक्छ। बाहिरी सतहको माटोले भार थेग्न छोडेपछि यो गाउँ बिस्तारै भासिन थालेको छाँअवस्था डरलाग्दो छ, भूगर्भशास्त्री डीपी डोभालले भने।

सन् १९७६ मै सरकारले गरेको एउटा अध्ययनले जोशीमठ भासिँदै गएको देखाएको थियो ।उक्त अध्ययनले यो क्षेत्रमा ठूला निर्माण कार्यमा रोक लगाउन सिफारिस समेत गरेको थियो। पर्याप्त ढल निकासको अभावका कारण यहाँ पहिरो निम्तिन सक्ने अध्ययनमा देखाइएको थियो । ' जोशीमठ सहर बसाउनका लागि उपयुक्त छैन,' अध्ययनमा चेतावनी दिइएको थियो ।तर यो चेतावनीलाई बेवास्ता गरियो र पछिल्ला दशकहरूमा यहाँ चहलपहल बढ्दै गयो ।

हिन्दूहरूको पवित्र तीर्थस्थल बद्रीनाथ करिब ४५ किलोमिटरको दूरीमा रहेको जोशीमठ हजारौं तीर्थयात्रीका लागि निकै व्यस्त प्रवेशद्वारको रूपमा विकसित भएको छ ।

यो क्षेत्रमा पदयात्रा, आरोहण र चिप्लेटी खेल्न आउने पर्यटकहरू पनि जाने गेरका छन् ।यहाँ होटल, आवासगृह र खाना तथा खाजा पाइने ठाउँहरू छन् ।यो सहरको आसपासका क्षेत्रमा जलविद्युत् आयोजनाहरू पनि बनिरहेका छन् ।

# सिंहदरबारमा फोटो झुन्ड्याउन मात्रै प्रधानमन्त्री भएको होइन : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफू तेश्रो पटक प्रधानमन्त्रीमा नाम लेखाउन वा सिंहदरबारमा अर्को कार्यकालको फोटो झुन्ड्याउन मात्र नउभिएको बताउनुभएको छ । प्रतिनिधिसभामा मंगलवार विश्वासको मत माग्ने क्रममा उहाँले भन्नुभयो, "हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै र सबैप्रति कृतज्ञता व्यक्त गर्दै म एउटा परीक्षा दिन चाहन्छु, म फोटो झुण्ड्याउन र नाम लेखाउन मात्रै तेस्रोपटक प्रधानमन्त्री भएको होइन ।"

उहाँले हरेक पटक संसदमा आफू उपलब्धिका 'डाटा र रिपोर्ट कार्डका' साथ उपस्थित हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "मलाई विश्वासको मत दिएमा संसदका हरेक माननीय सदस्यले गर्व गर्ने वातावरण बनाउनेछु । सबैको साथ र सहयोग लिएर राष्ट्र निर्माणमा होमिन यो सम्मानित सदनसँग प्रधानमन्त्रीका रूपमा म विश्वासको मतका लागि अनुरोध गर्दछु ।" प्रधानमन्त्रीले मंगलवार संसदमा गर्नुभएको सम्बोधनको पूर्णपाठ यसप्रकार छ ।

नवनिर्वाचित प्रतिनिधिसभाको यो गरिमामय अधिवेशनमा म सार्वभौम संसदका सबै माननीय सदस्यलाई हार्दिक अभिवादन र सफल कार्यकालको पुनः शुभकामना व्यक्त गर्दछु । जुन संविधानको जगमा यो संसद खडा छ, त्यो हजारौं महान् शहीदहरूको बलिदान, बेपत्ता र घाइते योद्धाहरू, लाखौं कर्मवीर हरूको त्याग, तपस्या र सङ्घर्षको परिणाम हो । म सबैभन्दा पहिले उहाँहरूप्रति कृतज्ञता र उहाँहरूको सङ्कल्पप्रति सम्मान व्यक्त गर्दछु । हामी उहाँहरूको वलिदानले बाँधिएका छौं । उहाँहरूको सङकल्पले हामीलाई डगमगाउन र विचलित हुन दिनेछैन ।

नयाँ प्रतिनिधिसभाको गठनसँगै नेपालको संविधानको धारा ७६ को उपधारा २ वमोजिम मेरो नेतृत्वमा विभिन्न राजनीतिक दलको सहभागितामा सरकार गठन भएको छ । यो विश्वासका लागि दलहरूलाई धन्यवाद दिँदै म मंगलवार यो सार्वभौम संसदमा सामाजिक न्याय, सुशासन र समृद्धिको सङ्कल्पसहित प्रधानमन्त्रीमा विश्वासको मत माग्न उपस्थित भएको छु ।

**सभामुख महोदय,**

प्रधानमन्त्रीका रूपमा म निषेध, अपमान र प्रतिशोध होइन, सहमति, सहकार्य र आपसी विश्वासको राजनीतिलाई अघि बढाउन प्रतिवद्ध छु । यो देशमा जति पनि सार्थक परिवर्तन भएका छन्, वामपन्थी र लोकतान्त्रिक शक्ति मिलेर भएका छन् । एक सय चार वर्ष लामो राणाशासन होओस् वा तीस वर्ष लामो पञ्चायती निरङ्कुशता, वाम-लोकतान्त्रिक सहकार्यबाटै समाप्त भएको हो । १२ बुँदे समझदारी, विस्तृत शान्ति सम्झौता, संविधानसभा र संघीय लोकतान्त्रिक गणतन्त्र पनि हामीबीच सहकार्यकै परिणाम हुन् ।

राष्ट्रिय सङ्कटका संवेदनशील क्षणहरूमा पनि वामपन्थी र लोकतान्त्रिक शक्ति एकै ठाउँमा उभिएका छौं । हामी मिल्दा देश अगाडि गएको छ, नमिल्दा संकटतिर । विसं २०७२ को भूकम्पका बेला सुशील कोइराला प्रधानमन्त्री हुनहुन्थ्यो, म प्रतिपक्षी दलको नेता थिएँ । मैले यही रोष्टममा उभिएर भनेँ, यो सङ्कटमा अब संसदमा कुनै पक्ष-प्रतिपक्ष छैन । प्रतिपक्षको नेता हुँदैहुँदै पनि म उद्धार र पुननिर्माणमात्र होइन, संविधान-निर्माणमा पनि राष्ट्रिय सहमति जुटाउन अग्रसर भएँ । मलाई गर्व छ, त्यसले राष्ट्रलाई सुखद् परिणाम पनि दियो । देश अहिले पनि सङ्कटमै छ । साना सङ्कटहरूको समयमै समाधान नखोजेपछि तिनैले ठूला सङ्कट जन्माउँछन् । आर्थिक सूचकांकहरू सकारात्मक छैनन् । प्रधानमन्त्रीका रूपमा मेरो एउटा जिम्मेवारी हुनेछ तर मंगलवारसम्म निरपेक्ष गरिबीमा रहेका झण्डै ५० लाख नेपालीलाई त्यहाँबाट निकाल्न पनि हामी वामपन्थी र लोकतान्त्रिक शक्तिहरू मिल्नैपर्छ । लाखौं युवालाई विदेशबाट फर्काएर स्वदेशमै आत्मसम्मानको जीवन दिन पनि हामीबीच सहकार्य हुनैपर्छ । अब पहुँच होइन, विधिको शासन सुरू गर्नुछ । देशको कायापलट गर्ने हो भने लगभग रू ६० खर्ब विकास खर्च जुटाउनुपर्छ । त्यसका लागि पनि हामीबीच विश्वासपूर्ण सहकार्य जरुरी छ । राष्ट्रियता, राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, प्रमुख आर्थिक विषय एवं रणनीतिक पूर्वाधारलगायतका राष्ट्रका आधारभूत विषयहरूमा म राष्ट्रिय सहमतिको विकल्प देख्दिनँ ।

विस्तृत शान्ति सम्झौताका एउटा हस्ताक्षरकर्ता गिरिजाप्रसाद कोइराला मंगलवार हामीबीच हुनहुन्न तर शान्तिप्रक्रियाका केही काम अझै बाँकी छन् । ती कामलाई तार्किक निष्कर्षमा पुऱ्याउन पनि मैले आमसहमति अनिवार्य देखेको छु । इतिहासका सबै उतारचढावको स्मरण गर्दै देशमा सुशासन, समृद्धि र तीव्र आर्थिक क्रान्तिका लागि यसपटक सिङ्गो देश एक ठाउँमा उभिन र पूरै विश्वलाई नेपालको रूपान्तरणको सन्देश दिन म विशेष अपील गर्दछु ।

**सभामुख महोदय,**

म यसपटक ठूलो आत्मस्वीकारोक्ति र आत्मसमीक्षासहित यो रोस्टममा उभिएको छु । म यसअघि नौ-नौ महिना दुईपटक प्रधानमन्त्री भएँ । मंगलवार यो स्वीकार गर्न मलाई कुनै सङ्कोच छैन, पहिलोपटक प्रधानमन्त्री हुँदा मसँग न अनुभव थियो, न टीम । विभाजित मनोदशामा थिएँ र पार्टीभित्रैको सङ्घर्षमा बढी रुमल्लिएँ । सिक्दासिक्दै, भित्र र बाहिरका घेराबन्दीसँग जुध्दाजुध्दै एउटा अप्रिय अवस्थामा मैले प्रधानमन्त्रीबाट राजीनामा दिएँ । तैपनि मैले त्यसबेला सुरू गरेका मध्यपहाडी लोकमार्ग, उत्तर-दक्षिण करिडोर, गरिब किसानको ऋण-मिनाहा र विद्युतीकरणमा तीव्रताले राष्ट्रिय जीवनमा मंगलवार पारेको प्रभावबाट थोरै भए पनि सन्तोष हुन्छ ।

मेरो दोस्रो कार्यकाल वैदेशिक सम्बन्धमा ठूलो उतारचढाव आएका बेला सुरू भयो । मधेश आन्दोलनमै थियो । संविधानको सफल कार्यान्वयनमा धेरैलाई विश्वास थिएन । संविधान संशोधनको प्रयासबाट मैले मधेशलाई विश्वासमा लिए र स्थानीय निकायको निर्वाचन गरेर संविधान कार्यान्वयनको विश्वासपूर्ण सुरुआत गरेँ । मूल्यवृद्धि नियन्त्रणमै राखेर आर्थिक वृद्धिदर सात प्रतिशत कट्यो र एउटा आर्थिक मानक बन्यो । लोडसेडिङ अन्त्य भयो । त्यसअघि कहिल्यै पालना नहुने राजनीतिक सहमतिको मैले अक्षरशः पालना गरेँ र अत्यन्त इमानदारीका साथ सत्ता-हस्तान्तरण गरेँ । त्यसरी मैले हाम्रो राजनीतिमा एउटा नैतिक मानक पनि कायम गरेँ । मलाई लाग्छ, मेरो त्यो छोटो कार्यकाल सफल कार्यकालका रूपमा इतिहासमा दर्ज भएको छ । मंगलवार परिस्थितिवश तेस्रोपटक प्रधानमन्त्रीका रूपमा विश्वासको मतका लागि अनुरोध गर्न म यो सम्मानित संसदमा उभिएको छु । मैले भनिहालेँ, म यसपटक फरक संकल्पका साथ संसदसामू उभिएको छु । विश्वासको मत पाएँ भने म प्रधानमन्त्रीको यो कार्यकाल यो इमान्दार स्वीकारोक्तिका साथ सुरू गर्न चाहन्छु कि हामी राजनीतिकर्मी कहीं न कहीं चुकेका छौं । त्यसो हुन्नथ्यो भने हाम्रा लाखौं युवा विदेशी भूमिमा पसिना बगाइरहेका हुने थिएनन्, आफ्नै परिवारसँग आफ्नै देशमा रमाइरहेका हुने थिए । ५० लाखभन्दा बढी नेपाली अहिले पनि बहुआयामिक गरिबीमा हुने थिएनन् । हाम्रा विश्वविद्यालयहरू क्यालेण्डरसम्म बनाउन नसक्ने गरी भद्रगोल हुने थिएनन् । शिक्षा र स्वास्थ्य क्षेत्र राज्यको नियन्त्रणबाट लगभग बाहिर जाने थिएन । विकास आयोजनाहरू यस्तो लथालिङ्ग अवस्थामा हुने थिएनन् । खेलाडीलाई अरू सुविधा त परको कुरा, डाइटसम्म दिन नसक्ने अवस्था हुने थिएन । जनताको हामीप्रति एक ढङ्गको असन्तोष छ भन्ने तथ्य लुकाएर होइन, त्यसलाई स्वीकार गरेर त्यो अवस्था बदल्ने गरी कार्यकाल सुरु गर्न म यो संसदको विश्वास चाहन्छु ।

**सभामुख महोदय,**

सरकारलाई समर्थन गरेका दलहरूबीच न्यूनतम साझा कार्यक्रममा एउटा सहमति बनेको छ र त्यो सरकार सञ्चालनको एउटा आधार बन्नेछ । सबै विवरण बोझिलो होला, त्यसैले सङ्क्षेपमा मेरा केही प्राथमिकता संसदमा राख्ने अनुमति चाहन्छु । सबै नागरिकलाई ६ महिनाभित्रै नागरिकताको सुनिश्चितता, एक वर्षभित्रै राष्ट्रिय परिचयपत्रको वितरण अनि सुशासन, प्रभावकारी सेवा प्रवाह र समृद्धिका लागि नीतिगत र संरचनागत सुधार सरकारको अठोट हो । न्यायपालिकाको शुद्धीकरण र सुधार अनि भ्रष्टाचार नियन्त्रण मेरो प्रतिवद्धता हुनेछ । नागरिक प्रशासन र सुरक्षा निकायलाई सक्षम, व्यावसायिक र जनताप्रति उत्तरदायी बनाउन विज्ञ सम्मिलित उच्चस्तरीय कार्यदल गठन अनि सेवा-प्रवाहको गुणस्तर र प्रभावकारिता बढाउन संसदको पहिलो अधिवेशनबाटै कम्तीमा एक दर्जन नयाँ ऐन तर्जुमा या विद्यमान ऐनमा समयानुकूल परिमार्जनको संकल्प पनि म दोहऱ्याउँछु । भ्रष्टाचारविरूद्ध शून्य सहनशीलता, सरल र सहज सार्वजनिक सेवाको प्रत्याभूति, सरकारी सेवामा 'टाइम कार्ड' र अनलाइन प्रणाली पनि सरकारका प्राथमिकता हुनेछन् ।

यो सम्मानित संसदलाई मैले प्रस्ट भन्नुपर्छ, हामी आर्थिक अनुकूलतामा छैनौं । यो वर्ष विश्व अर्थतन्त्रको एकतिहाई हिस्सा मन्दीको मारमा पर्ने प्रक्षेपण छ । अमेरिका, यूरोप र चीनकै अर्थव्यवस्थाको गति घटेको छ । मूल्यवृद्धि, युक्रेन युद्ध, कोभिड महामारी र बढ्दो ब्याजदरले विश्व अर्थव्यवस्थामा परेको दबाबबाट हामी पनि प्रभावित छौं । अर्कोतिर स्वदेशकै आर्थिक सूचकहरू पनि उत्साहजनक छैनन् । राजस्व वार्षिक लक्ष्यको करिब २५ प्रतिशतमात्र र अनुदानसहितको स्रोत करिव २७ प्रतिशतमात्र सङ्कलन भएको छ । चालु खर्च करिब ३३ प्रतिशत र पुँजीगत खर्च जम्मा ११ प्रतिशत छ । वैदेशिक अनुदानको वार्षिक लक्ष्य जम्मा छ प्रतिशत पूरा भएको छ । आयकरसमेत लक्ष्यबमोजिम उठेको छैन । लक्ष्यअनुसार राजस्व नउठ्दा, पुँजीगत खर्चै नहुँदा र बेरुजु बढिरहँदा वित्तीय प्रशासनको पूरै चक्र समस्याग्रस्त छ । तैपनि म सबैखालका आमूल सुधारबाट आगामी ५ वर्षमा आर्थिक वृद्धिदर दुई अंकको नजिक पुऱ्याउने संकल्प यो सम्मानित संसदसामू व्यक्त गर्दछु र यहाँहरूको पूर्ण सहयोगको अपेक्षा गर्दछु ।

आर्थिक पुनरुत्थानका प्याकेज कार्यक्रममार्फत् लगानीमैत्री वातावरणको निर्माण तथा पुँजीगत खर्चको अभिवृद्धि गर्दै आर्थिक गतिविधिको विस्तार र समष्टिगत आर्थिक स्थायित्व मेरो लक्ष्य हुनेछ । बैंकिङ्ग प्रणालीमा विद्यमान तरलता सङ्कुचनको समस्यालाई सम्बोधन गर्न वित्तीय तथा मौद्रिक उपकरणहरूको उपयोग गरिनेछ । वैदेशिक मुद्रा सञ्चितिमा परेको चापलाई सम्बोधन गर्न तरलता र कर्जा प्रवाहको शिथिलतालाई सुधार गरिनेछ । आर्थिक पूर्वाधार विकासमा सरकारी लगानी बढाइनेछ । व्यावसायिक वातावरणमा सुधार ल्याउँदै लगानीका लागि पुँजीको सहज उपलब्धता हुने प्रवन्ध मिलाइनेछ । सहकारिताको माध्यमबाट बचतलाई प्रोत्साहन गर्दै स्वरोजगार प्रवर्द्धन एवं आयमंगलवार्नका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।



**सभामुख महोदय,**

म दोस्रोपटक प्रधानमन्त्री हुँदा दैनिक २० घण्टासम्म लोडसेडिङ थियो । औद्योगिक क्षेत्र मात्रै होइन, जनजीवन नै अस्तव्यस्त थियो । त्यो स्थितिमा उज्यालो नेपाल अभियान घोषणा गरियो । कतिपय सब-स्टेशनमा तीन सिफ्टमा चौबिसै घण्टा काम हुने वातावरण मिलाइयो । र, लोडसेडिङलाई इतिहासको विषय बनाइयो । त्यसले अन्धकारमात्र हटाएन, राष्ट्रको आत्मविश्वास पनि बढायो । मंगलवार प्राधिकरण नाफामा गएको छ । मंगलवार हामी विद्युत् बेचेर विदेशी मुद्रा कमाउने ठाउँमा पुगेका छौं । मेरो प्रश्न छ, सडकमा पनि किन तीन सिफ्टमा काम हुन सक्दैन ? भवन निर्माणमा किन चौबीसै घण्टा काम हुन सक्दैन ? म संसदसँग वाचा गर्दछु, प्राधिकरणको त्यो अनुभव अब सबै पूर्वाधार निर्माणमा लागू गरिनेछ । विकास आयोजनाहरू वर्षौसम्म अधुरा हुने, लागत र समय बढ्ने विकृति अब स्वीकार्य हुन सक्दैन । त्यसका लागि आवश्यक ऐन संशोधनलगायत नीतिगत सुधार दृढताका साथ अघि बढाइनेछ ।

प्रशासनिक खर्चमा मितव्ययिता, बजेटमा अनुशासन, सार्वजनिक खर्चको उपलब्धि र उत्पादकत्व वृद्धि, राजस्व चुहावटमा कडा नियन्त्रण सरकारका प्राथमिकता हुनेछन् । कर सहभागिता र परिपालना बढाउन प्रवर्द्धनात्मक कार्यक्रमका साथसाथै नियमनमा समेत जोड दिइनेछ । सार्वजनिक ऋणको छनौटपूर्ण उपयोग गर्दै दिगोपना कायम गरिनेछ । सार्वजनिक संस्थानको व्यवस्थापन सुधारका साथै व्यवसाय बिस्तारमा जोड दिइनेछ । नेपाललाई आकर्षक र प्रतिस्पर्धात्मक लगानी गन्तव्य बनाउने मेरो संकल्प छ । औद्योगिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाइने छ । वित्तीय, मौद्रिक, पुँजीबजार, सहकारी, बीमा र निजी कम्पनीका निकायबीच आवश्यक समन्वय गरी निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्न नीतिगत, संस्थागत तथा प्रक्रियागत सुधार यो सरकारका लक्ष्य हुनेछन् ।

राजस्व प्रशासन करदातामैत्री हुनेछ । कर छली, आयातमा न्युन विजकीकरण, चोरी पैठारी, तस्करी तथा हुण्डी कारोबारजस्ता गतिविधिको अन्त्य गर्दै कर प्रणालीलाई थप प्रगतिशील तथा व्यवसायमैत्री बनाइनेछ । आर्थिक स्थायित्व कायम गर्न औद्योगिक नीति, सरकारी वित्त नीति, राजस्व नीति र मौद्रिक नीतिबीच तादात्म्यता अनि सरकार, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा द्रुत विकासको वातावरण निर्माण यो सरकारको संकल्प हुनेछ । कानुनी, प्रक्रियागत, प्रणालीगत तथा संरचनागत सुधारबाट वैदेशिक लगानी आकर्षित गरिनेछ । विनिमयदर जोखिम व्यवस्थापन गर्न भरपर्दो हेजिङ्ग सेवाको सुरूआत गर्दै देशको सार्वभौम साख मूल्याङ्कन (सोभेरन क्रेडिट रेटिङ) यथाशीघ्र अघि बढाइनेछ । वैदशिक व्यापारमा आएको शिथिलतालाई सम्बोधन गर्दै निर्यात वृद्धिमा जोड दिइनेछ ।

राष्ट्रिय पुँजीको विकास र आर्थिक आत्मनिर्भरताका लगि स्वदेशी उत्पादनमा जोड दिनु सरकारको प्राथमिकता हुनेछ । स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्ने प्रकृतिका उपभोग्य वस्तुहरूको उत्पादनमा जोड दिइनेछ र रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाइनेछ । कृषि, प्राकृतिक स्रोत, ज्ञान र उच्च प्रविधिमा आधारित उद्योगको विकासबाट औद्योगिक उत्पादन बढाई निकासी बृद्धि गरिनेछ । पुँजीको अभावमा उद्यमशीलता निरुत्साहित हुन दिइनेछैन । व्यवसायिक र लगानीमैत्री वातावरण निर्माणका लागि नीतिगत र संरचनागत सुधार अनि गैरआवासीय नेपालीहरूले नेपालमा सहज तरिकाले लगानी गर्ने वातावरण निर्माण सरकारको प्राथमिकता हुनेछ । उद्योग व्यवसाय दर्ताका लागि सुरूकै बिन्दुबाट सबै प्रकारका स्वीकृतिहरूको उपलब्धता सुनिश्चित गर्न 'टाइमकार्ड' अनि स्वरोजगारी, स्टार्टअप र विभिन्न व्यवसायले सिर्जना गर्ने रोजगारी मापनका लागि ' जबमिटर'को व्यवस्था गरिनेछ ।

**सभामुख महोदय,**

हरेक वर्ष एउटै समाचार बन्छ, मलको अभाव । म मंगलवार यो संसदमा दृढताका साथ प्रतिवद्धता जनाउँछु, अबदेखि आपूर्तिको चक्रअनुसार चाहिएको समयमा प्राप्त हुनेगरी मल खरिद गरिनेछ र सँगसँगै मल कारखाना स्थापनाको पनि तयारी गरिनेछ । शिक्षा क्षेत्रका लागि बृहत् गुरूयोजना सरकारको उच्च प्राथमिकता हुनेछ । सार्वजनिक शिक्षामा आमूल सुधार सरकारको संकल्प हुनेछ । विश्वविद्यालयहरू अब क्यालेन्डरअनुसार सञ्चालन हुनेछन्, अहिलेको भद्रगोल सहिनेछैन । सबै पालिकामा आधारभूत अस्पताल र प्रदेशहरूमा विशिष्टीकृत अस्पताल र मेडिकल कलेजहरू बनाइनेछ । गुणस्तरीय स्यानिटरी प्याडका लागि आर्थिक प्रत्याभूति, गुणस्तरीय प्रसूति सेवाको सुनिश्चितता, चिकित्सकहरूको संख्यामा वृद्धि, चिकित्सक र नर्सलाई सरकारी सेवामा आकर्षित गर्न सेवा सुविधामा पुनरावलोकनका लागि सरकार प्रतिवद्ध हुनेछ । स्वास्थ्यकर्मी लगायत विशिष्टीकृत सेवाका श्रमिकहरूका सरोकारलाई सम्बोधन गर्न श्रम ऐनमा आवश्यक संशोधन गरिनेछ । सबै क्षेत्रको स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताका लागि अधिकारसम्पन्न प्राधिकरण बनाइनेछ ।

खाद्य, आवास र स्वच्छ खानेपानीलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिनेछ । आगामी तीन वर्षमा सतह तथा भूमिगत सिँचाइबाट तराई-मधेसको थप तीन लाख हेक्टर जमीनमा सिँचाइ पुऱ्याइनेछ । सिँचाइको बिजुली महसुलमा थप छुट दिइनेछ । विद्युत् उत्पादन विस्तार र निर्यातमार्फत् आर्थिक वृद्धिदर बढाइनेछ र इन्धनमाथिको परनिर्भरता घटाइनेछ । ग्राहस्थ उपभोगका निम्ति वर्षायाममा मासिक ५० युनिट र हिउँदयाममा मासिक ३० युनिट विद्युत निःशुल्क उपलब्ध गराइनेछ । पाँच वर्षमा विद्युत् उत्पादन क्षमता ६५०० मेगावाट र प्रतिव्यक्ति विद्युत खपत ७०० किलोवाट घण्टा पुऱ्याउने लक्ष्य सरकारले लिनेछ । विद्युत् महसुलको समायोजन गर्दै एक वर्षभित्रै शतप्रतिशत नागरिककहाँ बिजुली पुऱ्याइनेछ ।

ज्येष्ठ नागरिक, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति तथा लक्षित वर्ग र क्षेत्रका बालबालिका गरी पाँच वर्षमा ६० लाखले सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था हुनेछ । आर्थिक वृद्धिका आधारमा सबै प्रकारका भत्ता बृद्धि बढाइने छ र पाँच वर्षको अवधिमा न्यूनतम ज्याला मासिक रू २५ हजार पुऱ्याइने छ । वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइने छ । वैदेशिक रोजगारमा गएकाहरूको समस्या सुनुवाइ र समाधानका लागि हटलाइन सेवासहितको सहयोग सेल गठन हुनेछ । प्रशासनिक अकर्मण्यता र आपसी समन्वय अभावका कारण सिर्जना हुने कृत्तिम अभाव, कालोबजारी, व्यवसायिक एकाधिकार लगायतका सुशासनविरोधी क्रियाकलाप नियन्त्रण गर्न, जनताका गुनासोलाई तत्काल सम्वोधन गर्न र नियमित संयुक्त अनुगमनका लागि सम्वन्धित निकायका प्रतिनिधि रहेको प्रधानमन्त्री निगरानी कार्यक्रम सञ्चालन गरिनेछ । लोककल्याणकारी कार्यक्रमहरू सीमान्त जनतासम्म पुग्ने ग्यारेन्टी गरिनेछ ।

**सभामुख महोदय,**

स्वेच्छा वा रहरले कोही गरिब र भूमिहीन हुँदैन । मान्छे गरिब हुन्छ अवसरमा पहुँच नभएर, आधारभूत सुविधा नपाएर । एउटै नेपाली पनि छतविहीन नहोस्, मेरो इमानदार प्रयास रहनेछ । हाम्रो ग्रामीण अर्थतन्त्र महिलाले धानेका छन् । तर, राज्यले तिनलाई उचित प्रोत्साहन दिन सकेको छैन । रेमिट्यान्स पठाएर देश बचाइरहेको युवालाई राज्यले न सुरक्षा दिन सकेको छ, न सम्मान । म यो अवस्था बदल्नेछु । भूमिको वैज्ञानिक व्यवस्थापन र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता मेरो उद्देश्य हुनेछ । हरेक जिल्ला सदरमुकामलाई रणनीतिक सडक सञ्जालमा जोडिनेछ र हरेक पालिकालाई पक्की सडकबाट केन्द्रमा जोडिने छ । निर्माणाधीन राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरू ५ वर्षभित्रै सम्पन्न गरिनेछन् । यातायात व्यवस्थापन प्राधिकरण गठन हुनेछ । सडक दुर्घटनाका कारण र समाधान खोज्न उच्चस्तरीय कार्यदल बनाइनेछ । सडक यातायात, रेल, जलमार्ग र हवाइ सबै योजनालाई समेट्ने गरी एकीकृत राष्ट्रिय यातायात गुरूयोजना तयार गरिनेछ ।

डाटा सर्भरमा आत्मनिर्भरता र साइबर सुरक्षाको सुनिश्चिततासहित फाइभ-जी प्रविधि प्रयोगमा ल्याइनेछ । विद्यालय, अस्पताल, सरकारी कार्यालय, वित्तीय संस्था, सपिङ कम्प्लेक्सलगायत सार्वजनिक सेवा प्रवाह हुने सार्वजनिक स्थलहरूमा इन्टरनेट सुविधा निःशुल्क हुनेछ । आधुनिक खेल पूर्वाधारमा जोड दिँदै खेलाडीहरूको वृत्तिविकासका कार्यक्रमहरू ल्याइनेछ । पर्यटन पुनरुत्थानका लागि विशेष प्याकेज घोषणा गरिनेछ । जलवायु परिवर्तनको मुद्दालाई अन्तर्राष्ट्रियकरण गरिनेछ । महिला सहभागिता, सशक्तिकरण र समावेशिता सरकारको प्रमुख लक्ष्य हुनेछ । शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम अविलम्ब सम्पन्न गरिनेछ । सहिद र बेपत्ता परिवारलाई उचित सम्मान र परिपुरणको व्यवस्था गरिनेछ । द्वन्द्वकालका घाइतेहरूलाई उपचार, रोजगारी, स्वरोजगारका अवसरसँग जोडिनेछ । द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति र पुनःस्थापनाका कार्यक्रम ल्याइनेछ । सँगसँगै तराई-मधेस लगायतका आन्दोलनका क्रममा अन्यायपूर्ण ढङ्गले बन्दी बनाइएकाहरूको कानुनसम्मत रिहाइका लागि ठोस अग्रसरता लिइनेछ ।

सङ्घीयता कार्यान्वयन र जनताको हितमा राज्य संयन्त्रको परिचालन हुनेछ । राष्ट्रिय हितको रक्षा गर्दै स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन मेरो प्रतिवद्धता हुनेछ । त्यसलाई मैले 'प्रो-नेपाल' नीति भन्ने गरेको छु । दुवै छिमेकी र सबै मित्रराष्ट्रहरूसँग सन्तुलित, विश्वसनीय र मैत्रीपूर्ण सम्बन्धमा मेरो जोड हुनेछ । सीमाको प्रभावकारी व्यवस्थापन र सीमा समस्याको समाधान मेरो प्राथमिकता हुनेछ ।

**सभामुख महोदय,**

यसबीचमा मैले सचिवहरूको बैठकै राखेर सोधेँ, राहदानी लिन बिहान दुई बजेदेखि लाइनमा बस्न परेपछि नागरिकले कसरी राज्यमाथि भरोसा गर्छ ? अहिलेकै गतिमा राष्ट्रिय परिचयपत्रको काम हुने हो भने कति दशकमा तीन करोड नेपालीको हातमा परिचयपत्र पुग्छ ? सवारी चालक अनुमतिपत्र लिन पनि वर्षौं कुर्नुपर्ने कारण के हो ? सरकारी अस्पताल र सामुदायिक विद्यालयको स्तर किन खस्कियो ? प्रविधिको यति धेरै विकास भइसक्दा पनि सरकारी अस्पतालमा नाम दर्ता गर्नसमेत घण्टौं किन लाग्छ ? सरकारी अस्पतालमा सामान्य शल्यक्रिया गराउन पनि तीन-चार महिना किन कुर्नुपर्छ ? अस्पतालका प्रयोगशाला र परीक्षण उपकरण किन महिनौंसम्म बन्दैनन् ? अनुदानका सामग्री स्टोरमा किन थन्किन्छन् ? मैले सचिवज्यूहरूलाई भनिसकेको छु, सेवा प्रवाहलाई सहज र विकासको गतिलाई तीव्र बनाउन नीतिगत समस्या समाधानको जिम्मा म लिन्छु तर नतिजामुखी कार्यसम्पादनको जिम्मा तपाईहरूले लिनुपर्छ ।

सरकारहरू फेरिइरहने तर जनताको जीवनस्तर नफेरिने निराशाजनक चित्र अब बदल्नु छ । त्यसका लागि सरकार मालिक होइन, सुनिने, देखिने र जनताले अनुभूत गर्ने सेवक बन्नु छ । प्रदेश र स्थानीय तहमा तत्काल कर्मचारीको व्यवस्था हुनेछ । संघीय निजामती ऐन अविलम्ब यसै अधिवेशनमा पेश गर्नेगरी तयारी गर्न मैले निर्देशन दिइसकेको छु ।

सार्वजनिक सेवाप्रवाहमा ढिलासुस्ती र सास्तीको अन्त्य गर्दै सार्वजनिक सेवा प्रवाहलाई चुस्त र नागरिकमैत्री बनाउन, सामाजिक न्याय सुनिश्चित गर्न तथा राज्यको सबै तह र संरचनामा सदाचार र जवाफदेहीता कायम गर्न सरकार प्रतिवद्ध हुनेछ । मन्त्रिपरिषद्को पहिलो बैठकमै भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीतिलाई परिणाममा देखिने गरी कार्यान्वयन गर्ने निर्णय भइसकेको छ ।

रणनीतिक महत्वका विकास आयोजनाहरूको कार्यान्वयन गर्न जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन तथा ठेक्का व्यवस्थापनमा हुने ढिलाई कम गरी निर्णय प्रक्रियामा शीघ्रता ल्याउन छुट्टै कानुनी व्यवस्था गरिनेछ । युटुलिटी कोरिडोरसम्बन्धी कानुनी व्यवस्था गरी पूर्वाधारमा साझेदारी गर्ने व्यवस्था मिलाइनेछ । पुँजीगत खर्च बढाउन आयोजना व्यवस्थापनलाई नतिजामुखी बनाउनुका साथै अन्तरनिकाय समन्वय प्रभावकारी बनाइनेछ । विकास आयोजनाको अनुगमनलाई नतिजामा आधारित बनाइनेछ । राष्ट्रिय महत्वका आयोजनाहरूको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको एक्सन-रूमको उपयोग समेत गर्दै म आफैले पनि नियमित रूपमा अनुगमन गर्नेछु ।

**सभामुख महोदय,**

कानुनका छिद्र देखाउने, काममा ढिलासुस्ती गर्ने र अनावश्यक झन्झट दिने काम यो सरकारलाई स्वीकार्य छैन । सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा प्रविधिमैत्री बनाई जनतालाई चुस्त र नागरिकमैत्री सरकारको अनुभूति दिलाउन राष्ट्रसेवकलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ । राहदानी, राष्ट्रिय परिचयपत्र र सवारी चालक अनुमति-पत्र वितरणमा हाल देखिएको समस्यालाई तत्काल समाधान गरिनेछ । एकै प्रकृतिको विवरण फरक-फरक निकायहरूबाट संकलन गर्नुको सट्टा डाटा साझेदारी र अन्तर आवद्धताको भरपर्दो प्रणाली निर्माण गरी सेवा प्रवाहलाई छिटो, छरितो, मितव्ययी र झन्झटमुक्त बनाइनेछ । विपन्न नागरिक उपचार सुविधा तथा स्वास्थ्य बीमा सेवालाई सर्वसुलभ र नियमित बनाइनेछ । स्वास्थ्य बीमाको दायरा विस्तार गरिनेछ । सरकारी एवम् सार्वजनिक जग्गाको संरक्षण गर्न एकीकृत विद्युतीय अभिलेख तयार गरिनेछ ।

मुलुकको विकासमा योगदान गर्न सक्ने उमेरमा नागरिक विदेसिनुपर्ने तर बृद्धावस्थाको सामाजिक सुरक्षाको व्यवस्था राज्यले गर्नुपर्ने जटिल अवस्था विद्यमान छ । यो परिस्थितिबाट बाहिर निस्कन स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न निजी क्षेत्र समेतको सहभागितामा ठोस कार्यक्रम सञ्चालन गरिनेछ । निजी क्षेत्रको विकासका लागि आवश्यक नीतिगत र कानुनी सुधार, आर्थिक पूर्वाधार विकासमा सरकारी लगानीको वृद्धि, व्यावसायिक वातावरणमा सुधार, सहकारिताको माध्यमबाट बचतलाई प्रोत्साहन अनि स्वरोजगार प्रवर्धन सरकारका उद्देश्य हुनेछन् । सार्वजनिक संस्थानको व्यवस्थापन सुधारका साथै व्यवसाय विस्तारमा जोड दिइनेछ ।

पर्यटकीय पूर्वाधारको निर्माण र सेवाको गुणस्तरमा सुधार सरकारको मुख्य जोड हुनेछ । गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको पूर्ण क्षमतामा सञ्चालन र स्रोतको सुनिश्चततासहित निजगढमा अन्तराष्ट्रिय विमानस्थलको निर्माण मेरो प्राथमिकता हुनेछ । मलाई थाहा छ, मिडिया उद्योग सङ्कटमा छ । म विश्वास दिलाउँछु, यो संकटमा सरकारले मिडिया उद्योगलाई एक्लै छाड्नेछैन । सञ्चारकर्मीहरूको हक र हित पनि सरकारको उच्च प्राथमिकतामा हुनेछ । पछिल्ला दिनमा शेयर बजारमा आएको सकारात्मक परिवर्तनलाई मैले नयाँ सरकारप्रति जनताको भरोसाको सङ्केतका रूपमा लिएको छु । तीव्र आर्थिक विकास र न्यून मुद्रास्फीति सरकारको लक्ष्य हुनेछ । लाइनमुक्त देश मेरो संकल्प हो । म विश्वास दिलाउँछु, देशका हरेक नागरिकलाई लाग्ने छ, सरकार मेरो अभिभावक हो, मेरो पक्षमा छ र मेरा लागि केही गरिरहेको छ ।

राष्ट्रसेवकलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी व्यवसायिक, प्रतिस्पर्धी र दक्ष बनाइनेछ । तीनवटै तहका सरकारको मौजुदा कर्मचारीको दरबन्दीको पुनरावलोकन गरी सेवा प्रवाह गर्ने निकायमा पर्याप्त जनशक्तिको व्यवस्था गरिनेछ । विकास आयोजनामा विनियोजन गरेको रकम खर्च गर्न नसके खर्च गर्नसक्ने परियोजनाहरूमा सारिनेछ । जिम्मेवारी लिने तर लक्ष्यअनुसार राजस्व असुली र विकासका काम गर्न नसक्ने पदाधिकारीहरूलाई कार्यसम्पादन मूल्यांकनसँग जोडिनेछ । सरकारी पदाधिकारीहरूले परराष्ट्र मन्त्रालयको जानकारीविनै विदेशी कुटनीतिज्ञहरूलाई भेट्ने काम अब हुन दिइने छैन । भ्रष्टाचार नियन्त्रण र निवारण सरकारको प्राथमिकता हुनेछ । मालपोत, सवारी चालक अनुमति पत्र, राहदानीजस्ता निकायहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखिनेछ । बुष्टर डोज खोपको लागि भ्याक्सिनको तत्काल प्रबन्ध गर्न लगाइसकिएको छ । शीतलहर र हिमपातबाट जनता जोगाउन आवश्यक प्रवन्ध गर्न सम्बन्धित तहमा निर्देशन दिइसकिएको छ ।

**सभामुख महोदय,**

हिजो देश एउटा ठूलो विद्रोहबाट गुज्रियो । सामाजिक न्यायको आकांक्षा, विभेद, शोषण र उत्पीडनविरुद्ध आक्रोश अनि सुखी र स्वतन्त्र जीवनको चाहना नै त्यो विद्रोहको कारक र कारण थियो । हिजो हामीभित्र जुन आवेग थियो, परिवर्तनको जुन संकल्प थियो अब त्यसलाई त्यही घनत्वकासाथ जगाउन र राष्ट्रनिर्माणमा लाग्न म प्रतिवद्ध छु । यो सम्मानित सदनलाई मेरो अनुरोध छ, सरकारमा म त्यही आवेग जगाएर आफू देश र यो संसदलाई पनि प्रमाणित गर्न चाहन्छु । सम्भव छैन, सकिँदैन, केही हुँदैन भन्ने निराशा र नकारात्मक बोधलाई यो सरकारमा कुनै ठाउँ हुनेछैन । म यो संसदसँग विश्वासको मत पनि नितान्त सकारात्मक र रचनात्मक हस्तक्षेपका लागि मागिरहेको छु । हामी सबै दल मिलेर व्यवस्था बदल्यौं, अब हामी सबैको सहकार्यमा जनताको अवस्था पनि बदल्न म संसदबाट एउटा मौका चाहन्छु ।

**सभामुख महोदय,**

मलाई कुनै द्विविधा छैन, एउटा कप्तान केवल एउटा टीमका रूपमा सफल हुन्छ । मैले लिएका लक्ष्य सरकारका घटकमात्र होइन, सिंगो संसदलाई साथसाथै लैजान सकेमात्र पूरा हुनेछन् । मैले पहिल्यै भनेँ, म निषेध र अपमान होइन, सहकार्य र आपसी विश्वासको राजनीतिका लागि प्रतिवद्ध छु । म संसदमा पूर्ण विश्वास र आपसी सद्भावको वातावरणको पक्षमा छु । मैले हिजो पनि भनेँ, हाम्रा मतभेदहरूसमेत मर्यादित हुनेछन् ।

म सबै दल र माननीय सदस्यहरूलाई आग्रह गर्दछु, आउनुहोस्, यसपटक संसदमा नयाँ अध्याय सुरु गरौं । त्यसै पनि नेपालको राजनीति केही कमजोरीका बाबजुद अन्यत्रभन्दा धेरै भिन्न छ । अन्यत्र हामी धेरै बदलाभाव देख्छौं, यहाँ प्रतिशोधलाई धेरै ठाउँ छैन । हामीकहाँ राजनीतिक संवादहीनता पनि लामो समय रहन्न । राष्ट्रका संकटहरूमा हामी सबै राजनीतिक दल पटकपटक एकै ठाउँमा उभिएका छौं । यसपटक पनि संसदको विभाजन नहोस् र देशले एकता र सहकार्यको सन्देश प्राप्त गरोस् । म बिना कुनै पूर्वाग्रह सबै राजनीतिक दलहरूसँग सहकार्यका लागि प्रतिबद्ध छु । सिङ्गो सदनको साझा प्रधानमन्त्रीका रूपमा मलाई राष्ट्र-निर्माणको नेतृत्व गर्ने एउटा मौका मिलोस् । हामी सबैले आ-आफ्ना ठाउँबाट जनतासँग विकासको प्रतिबद्धता गरेका छौं । मंगलवार त्यही प्रतिबद्धताका लागि हामी सबै एक ठाउँमा उभिन नसक्ने केही छैन । मैले हिजो पनि संसदमा भनें, जनताको हामीमाथिको समर्थन सशर्त छ । हीनभावनाको ठाउँमा आशा र आत्मविश्वास जगाउनु छ । आर्थिक क्रान्तिको साझा संकल्पबाट समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्नु छ । इतिहास मंगलवारैबाट सुरु हुन्छ म भन्दिनँ । धन्यवाद । रासस

जनकपुर टुडे




# हजयात्रा महामारीअघिको अवस्थामा फर्कंदै

**एपी**

दुबई । हजयात्रा महामारी अघिको अवस्थामा फर्कने भएको छ । साउदी अरब सरकारले वार्षिक धार्मिक उत्सव हज तीर्थयात्रा कोरोनाभाइरसका कारण लगाएका प्रतिबन्ध क्रमशः हटाएसँगै महामारीपूर्वको अवस्थामा फर्किन लागेको हो ।

हज गर्न विश्वभरका मुसलमानहरू एकत्रित हुने पवित्र शहर मक्कामा दिनको पाँचपटक प्रार्थना गर्ने प्रचलनअनुसार आफ्नो जीवनकालमा एकपटक मक्कामा तीर्थयात्रा गर्नेलाई कोभिड कालमाभन्दा यसपटक सहज हुने सरकारी अधिकारीले बताएका छन् ।



सन् २०१९ मा २४ लाखभन्दा बढी तीर्थयात्रीले मक्कामा हज गरेका थिए भने कोभिड फैलिएर विश्व नै आक्रान्त भएपछि सन् २०२० मा एक हजार जना आफ्नो देशका नागरिकलाई हजको अनुमति दिइएको थियो । सन् १९१८ को महामारीमा पनि यति थोरै तीर्थयात्रीलाई हजको अनुमति दिइएको थिएन । शताब्दीअघिको त्यो महामारीमा संसारभरका दशौं लाखले ज्यान गुमाएका थिए । सन् २०२१ मा ६० हजार साउदी नागरिकले मक्कामा हजको अनुमति पाएका थिएभने गत वर्ष १० तीर्थयात्री त्यहाँ पुगेका थिए ।

लालसागरको बन्दरगाह शहर जेद्दामा यो वर्षको हजसम्बन्धी एक सम्मेलनमा सोमबार राति बोल्दै साउदी अरबका हजमन्त्री तौफिक बिन फवजान अलरबियाहले कोभिडसम्बन्धी प्रतिबन्ध हटाउने घोषणा गर्नुभयो । महामारीको अघिको अवस्थामा झै यो वर्ष जोसुकै हज गर्न आउनसक्ने बताउँदै उहाँले तीर्थयात्रीको उमेरमा पनि प्रतिबन्ध नलगाइने जानकारी दिनुभयो । हजयात्राका निम्ति अनुमति पाएको संसारको जुनसुकै कम्पनीसँग यात्रा व्यवस्थापनको सम्झौता गर्न सरकारले अनुमति दिएको जानकारी पनि उहाखँले दिनुभयो । यसअघि साउदी सरकारले १८ देखि ६५ वर्ष उमेर समूहका यात्रीलाई मात्र हजमा सहभागी गराउने तथा सीमित निजी कम्पनीलाई यात्रा प्रबन्धको अनुमति दिएको थियो ।

पेट्रोलियम पदार्थको धनी राष्ट्र साउदीमा हज यात्रीबाट भारीमात्रामा राजस्व सङ्कलन हुने गरेको छ भने देशको वैदेशिक मुद्रा आर्जनको मुख्य स्रोत बनेको छ हजयात्रा । हज गर्नेस्थललाई साउदी सरकारले प्राथमिकताका साथ संरक्षण गरेको छ । हजयात्राका बेला हुने महामारी र रोगव्याधीको प्रकोप साउदी सरकारका निम्ति सधैं चिन्ताको विषय बन्ने गरेको छ । औलो, हैजालगायत महामारीबाट हजारौं हजयात्रीले ज्यान गुमाएका छन् । सन् १८२१ मा २० हजार तथा १८६५ मा १५ हजार तीर्थयात्रीको मृत्यु भएको थियो । इबोला भाइरहस उद्स्थल मानिएका देशबाट हजमा आउन नपाउने नियम पनि साउदीले लागू गरेको थियो भने उसले बिरामी र वृद्धहरूलाई पनि मक्का आउन नपाउने आदेश जारी गरेको थियो । सन् २०१२-१३ मा पनि श्वासप्रश्वाससम्बन्धी सङ्क्रमणको सामना गरेको साउदीले हजका बेला रोग फैलिन नदिन विशेष उपाय अपनाउँदै आएको छ । त्यसबेला मिडल इष्ट रेष्पिरेट्री सिन्ड्रोम (एम्ईआर्एस)को त्रास फैलिँदा सरकारले सार्वजनिक स्वास्थ्यसम्बन्धी विभिन्न नियम जारी गरेको थियो ।

आगामी जेठको मध्यतिर हुने यो वर्षको हजमा कोरोनाभाइरससम्बन्धी प्रतिबन्ध हटाइएको घोषणा सरकारीस्तरबाट भए पनि के कस्ता स्वास्थ्य सावधानी अपनाइने छ भन्नेबारेमा हजमन्त्रीले केही जानकारी दिनुभएको छैन । कोरोनाभाइरसविरुद्ध खोप लगाउन वा परीक्षण गर्नुपर्ने बाध्यत्मक व्यवस्था नभए पनि अन्य रोगविरुद्धका खोप नलागाइ हजमा सहभागी हुन नपाइने कडा कानुन साउदी सरकारले कार्यान्वयन गर्दै आएको छ ।

# राष्ट्रिय महिला तथा पुरुष भलिबलमा न्यू डायमन्ड विजयी

काठमाण्डु । राजधानीमा जारी सातौँ संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनशिपअन्तर्गत महिलातर्फको खेलमा साबिक विजेता न्यू डायमन्ड स्पोर्ट्र्स क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा मंगलवार भएको खेलमा न्यू डायमण्डले एभरेष्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा हराउँदै सेमिफाइनलमा स्थान पक्का गरेको हो । न्यू डायमन्डले एभरेष्टलाई पहिलो सेटमा २५-७ ले पराजित गर्‍यो भने दोस्रो सेट २५-१० ले पाखा लगायो ।

त्यस्तै तेस्रो सेट २५-१२ ले हरायो । जितसँगै समूह 'ए' बाट न्यू डायमन्डले दुई खेलमा छ अङ्क जोडेको छ । यस समूहबाट नेपाल पुलिस क्लब पनि सेमिफाइनलमा पुगेको छ । पुलिसको पनि समान छ अङ्क नै रहेको छ ।

च्याम्पियनशिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन् । च्याम्पियनशिपको महिला र पुरुषतर्फको विजेता टोलीले रु चार लाख पाउनेछ भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछ । त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख पाउनेछ ।रासस

# टि-ट्वान्टी क्रिकेटमा विराटनगर फाइनलमा

काठमाण्डु । पहिलो संस्करणको नेपाल टि-ट्वान्टी क्रिकेट लिगमा विराटनगर सुपर किंग्स फाइनलमा प्रवेश गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा विराटनगरले जनकपुर रोयल्सलाई ३९ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो । विराटनगरले दिएको एक सय ६८ रनको लक्ष्य जनकपुरले १९ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै एक सय २८ रन मात्र बनाउन सक्यो ।

जनकपुरको लागि चाडविक वाल्टनले सर्वाधिक ५१ रनको योगदान दिए भने कप्तान ट्राभोन ग्रिफिथले ३४ रन बनाए । तेस्तै खडक बोहोराले १४ रन बनाए ।

विराटनगरका राज नानन र कियोन जोसेफले समान तीन तीन विकेट लिए भने नन्दन यादवले २ विकेट लिए । तेस्तै सूर्य तामाङले १ विकेट लिए ।

त्यसअघि पहिले टस जितेर पहिले ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर एक सय ६७ रन बनाएको थियो । विराटनगरका लागि गौरान्शु शर्माले ४२ रन जोडे भने अर्जुन साउदले ३५ रन बनाए । तेस्तै राज नाननले ३३ तथा हुसेन तलतले ३१ रन बनाए ।

जनकपुरका लागि जितेन्द्र मुखियाले २ तथा सोमपाल कामी, सरफुदिन असरफ, ललित नारायण राजवंशी र शमीउल्लाह शिनवारीले समान १/१ विकेट लिए ।

बुधवार हुने फाइनल खेलमा विराटनगरले लुम्बिनी अल स्टारसँग खेल्नेछ । प्रतियोगिताको विजेता टोलीले रु ५५ लाख पाउनेछ भने उपविजेताले रु ३० लाख पाउनेछ ।

# काठमाण्डुलाई प्रधानमन्त्री कप बागमती प्रदेश छनोटको उपाधि

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाण्डु जिल्लाले महिला प्रधानमन्त्री कप टी-२० २०७९ अन्तर्गत बागमती प्रदेश छनोटको उपाधि जितेको छ। बागमतीले फाइनलमा ललितपुर जिल्लालाई १० विकेटले हरायो।

टस हारेर पहिले ब्याटिङ गरेको ललितपुरले ६ विकेटको क्षतिमा ९१ रन जोड्यो। ललितपुरका लागि यशु पाण्डेले १८ रन र रिङजिङ तामाङले २५ रन जोडे । बलिङमा काठमाडौंकी कृष्मा गुरुङले २ विकेट लिइन्। ९२ रनको लक्ष्य काठमाडौंले १४.१ ओभरमा विकेट नगुमाइ पार गर्‍यो। काठमाडौंका लागि अस्मिता खरेलले नटआउट ३१ रन र कन्चन श्रेष्ठले नटआउट ५१ रन जोडे । सुनसरीमा हुने प्रधानमन्त्री कपका लागि छनोट प्रतियोगिता भएको हो। अब बागमतीले छनोट प्रतियोगिताको आधारमा टिम घोषणा गर्नेछ।

# सौतिनी आमा क्यामिलाले नितान्त निजी विषय सञ्चारमाध्यममा चुहाएको ह्यारीको आरोप

**एपी**

लण्डन । बेलायतका पूर्वराजकुमार ह्यारीले आफ्नी सौतिनी आमा क्यामिलाले निजी कुरा सञ्चारमाध्यममा चुहाएको आरोप लगाउनुभएको छ । आफ्ना बुबासँग लामो समयको सम्बन्धका कारण बेलायती जनतासँग बिग्रिएको आफ्नो छवि सुधार्न रानी क्यामिलाले आफ्नो प्रतिष्ठा गिराएको आरोप उहाँले लगाउनुभएको छ ।



मङ्गलबारदेखि बजारमा आउन लागेको आफ्नो पुस्तक 'स्पेयर' को प्रचार एवम् प्रवर्द्धनका क्रममा आइटिभी र सिबीएसलाई आइतवार र सोमबार दिएको अन्तर्वार्तामा पूर्वराजकुमार ह्यारीले दरबारभित्रका आफ्ना नितान्त निजी कुराकानी सनसनीपूर्ण खबर छाप्ने पत्रपत्रिकालाई क्यामिलाले उपलव्ध गराउनुभएको आरोप लगाउनुभएको हो ।

बेलायतका केही पुस्तक पसल मध्यरातदेखि खुला छन् शाही परिवारका तिक्तता र वैमनस्यबारेका विवरण समेटिएको स्पेयर बेच्न । पुस्तकमा पूर्व राजकुमार ह्यारी र उहाँकी पत्नी मेघनले आफ्नो शाही भूमिका र पद त्यागेर क्यालिफोर्नियामा सर्ने निर्णय गरेका सनसनीपूर्ण खुलासा गरिएको छ ।

अन्तर्वार्तामा ह्यारीले आफू र मेघनलाई सौतिनी आमाका कारण सञ्चारमाध्यमले सताएका तथा त्यसले आफ्ना दाजु विलियम र उहाँकी पत्नी केटसँग सम्बन्ध बिग्रएको बताउँदै सञ्चारमाध्यमले नै आफूहरूलाई सधैं एकअर्काका विरूद्ध उभ्याएको उल्लेख गर्नुभयो । मेघन र केटबीचको सम्बन्ध पनि त्यस्तै बनाएको उहाँको आरोप छ ।

अमेरिकी अभिनेत्री मेघन मार्कलसँग विवाह गरेपछि शाही परिवारमा जन्मदै नजन्मेको आफ्नो सन्तान रङ्गभेदको शिकार भएको ह्यारीले बताउनुभयो । पुस्तकामा उहाँले आफ्नी आमा डायनाको असामयिक निधन भएकामा गहिरो शोक व्यक्त गर्नुभएको छ ।

यसअघि ह्यारीले आफ्ना दाजु विलियमबाट आफूमाथि भौतिक आक्रमण भएको मेघन मार्केलसँगको विवाह र उहाँ बिरामी परेका बेला उहाँको उपचारबारे छलफल हुँदा आफूमाथि दाजु विलियमले भौतिक आक्रमण गर्नुभएको खुलासा गर्नुभएको थियो । स्पेयरमा ह्यारीले विश्वलाई धेरै चकित पार्ने आरोप लगाउनुभएको छ । लागूपदार्थ सेवन, पहिलो यौन मुठभेड, अफगानिस्तानमा सैनय सेवा, मान्छे मार्ने सेनाको भूमिकालगायत विषय समेटिएका छन् । केन्सिङटन राजप्रासादको मैदानमा रहेको नटिङ्घम निवासमा आफूहरूबीच सन् २०१९ मा झगडा भएको र आफ्नी पत्नीलाई 'अशिष्ट, कठोर र कुपित' भनेपछि विवाद बढेको बताउँदै उहाँले आफ्नो 'कलर' समातेर दाज्यूले प्रहार गरेको उल्लेख गर्नुभएको छ ।

राजपरिवारको उत्तराधिकारीका रूपमादाजुलेआफूमाथिव्यवहारगरेको आरोप पनि ह्यारीले लगाउनुभएको छ । दाज्यूको आक्रमणबाट आफू कुकुरको कचौरामा बजारिएको, फुटेको कचौराले आफूलाई काटेको संस्मरणमा ह्यारीले लेख्नुभएको छ । आफू घाइत भएपछि दाजुले क्षमा याचना गर्नुभएको पनि उहाँले लेख्नुभएको छ ।

सन् २०१२ मा अफगानिस्तानमा तालिबानविरुद्ध बेलायतको सैन्य अभियानमा आफूले अपाचे हेलिकप्टरको सहचालकका साथै एक फौजीका रूपमा काम गर्दा २५ जनालाई मारेको, कौमार्य भङ्ग भएकोलगायत प्रसङ्गमा पनि संस्मरणमा समावेश छ ।

# चीन र बङ्गलादेशी विदेशमन्त्रीबीच भेटवार्ता

**सिन्ह्वा**

ढाका । चिनियाँ विदेशमन्त्री छिन कङले आफ्ना बङ्गलादेशी समकक्षी अब्दुल मोमेनसँग मङ्गलबार बिहानसंक्षिप्त भेटवार्ता गर्नुभएको छ ।


अफ्रिकी देशहरूको भ्रमणको क्रममा बङ्गलादेशको राजधानीमा अवस्थित विमानस्थल भएको भेटवार्तामा छिनले चीन र बङ्गलादेशबीचको मित्रताको उच्च चर्चा गरेको बताउनुभयो ।

नयाँ वर्षमा दुवै देशले आफ्नो द्विपक्षीय सम्बन्धलाई संयुक्त रूपमा अगाडि बढाउन सञ्चार र आदानप्रदानलाई सुदृढ गर्न सहमत हुनु भएको बताइएको छ ।

# हिंसाकैबीच अमेरिकी राष्ट्रपतिद्वारा ब्राजिलका समकक्षीलाई भ्रमणको आमन्त्रण

**सिन्ह्वा**

वासिङटन । अमेरिकी राष्ट्रपति जो बाइडेनले ब्राजिलका राष्ट्रपतिलाई अमेरिका भ्रमणको निमन्त्रणा दिनुभएको छ ।अमेरिकी राष्ट्रपति बाइडेनले ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भालाई आगामी फेब्रुअरी महिनाको शुरुमा अमेरिकाको भ्रमणमा आउन आमन्त्रण गर्नुभएको समाचारमा जनाइएको छ ।



उहाँहरुका बीचमा सोमबार फोनवार्ता भएको थियो । त्यस वार्ताका क्रममा उहाँले आफ्ना ब्राजिलियन समकक्षीलाई आमन्त्रण गर्नुभएको जारी विज्ञप्तिमा जनाइएको छ ।

अमेरिकी राष्ट्रपति बाइडेनको सो आमन्त्रणलाई आफूले स्वीकार गरेको र यस भ्रमणबाट दुई देशका बीचमा आवश्यक समझदारी निर्माण गर्न र आपसी सहकार्यलाई अघि बढाउन ठूलो सहयोग पुग्ने पनि ब्राजिलका राष्ट्रपति लुलाले बताउनुभएको सो विज्ञप्तिमा जनाइएको छ । उता ब्राजिलमा राष्ट्रपतिको निर्वाचनका विषयलाई लिएर हिंसात्मक आक्रमणहरु भएका बताइएको छ ।ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले यहाँको राष्ट्रपतीय निर्वाचनको परिणाम घोषणा भएपछि आइतबार राति व्यापक मात्रामा तोडफोड गरेका थिए ।

उनीहरुले यहाँको संसद भवन, ब्राजिलका राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालतलगायतका स्थानमा आक्रमण गरेका थिए । उनीहरुले संसदभवनभित्रै प्रवेश गरेर त्यहाँका भौतिक संरचनामा पनि तोडफोड गरेका थिए । सो तोडफोड र सरकारी कार्यालयमा भएको आक्रमणको विरोध गरिएको छ । साथै सो आक्रमणको घटनाको अनुसन्धान गर्ने क्रममा प्रहरीले एक हजारजना भन्दा पनि बढीलाई पक्राउ गरेको बताएको छ ।

प्रहरीले सो आक्रमण र हिंसामा सहभागी भएका व्यक्तिहरुलाई सिसी टिभीबाट पहिचान गरेर पक्राउ गर्ने क्रम जारी नै राखेको छ भने उता प्रदर्शनकारीहरुले विरोध जुलुश निकालिरहेका छन् । यता राष्ट्रपतीय निर्वाचनको विरोधमा हिंसा जारी रहेका बेला यता अमेरिकी राष्ट्रपतिले आफ्ना ब्राजिलियन समकक्षीलाई अमेरिका भ्रमणको निम्ता दिनुभएको बताइएको हो ।रासस

# चीनद्वारा दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन

**एपी**

बेइजिङ । चीनले कोरोनाभाइरसको प्रतिकारमा दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन गरेको छ । दक्षिणकोरिया भ्रमण गर्ने चिनियाँ यात्रीलाई सोलले कोरोना-१९ परीक्षण नकारात्मक हुनुपर्ने नियम लगाएपछि बदलामा चीनले पनि दक्षिणकोरियालीका लागि प्रवेशाज्ञा निलम्बन गरेको हो ।

सोलस्थित चिनियाँ दूतावासले अनलाइन पोस्ट गरेको सङ्क्षिप्त सूचनाअनुसार दक्षिणकोरियाली नागरिकलाई पर्यटनवाव्यापारकोलागिचीनजाने प्रवेशाज्ञा निलम्बन गरिएको छ । सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ ।

चीनबाट कोरिया जानचाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसैअनुरुप व्यवहार गर्ने बताएको छ । विश्व स्वास्थ्य सङ्गठनले चीनमा कोभिड-१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्याङ्क नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौं देशले चीनबाट आफ्नो भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना सङ्क्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ । महामारीका बीच चीनले गत महिना अचानक कोभिड-१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशङ्कित भएको छ ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए । केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख शहर हरूमा विरोध प्रदर्शन भएका थिए । कलकारखाना बन्द गर्ने घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण उत्रिएका थिए ।

# ब्राजिलमा भएको दङ्गामा सहभागी एक हजार दुई सयजना पक्राउ

**सिन्ह्वा**

ब्रसिलिया । ब्राजिलमा राष्ट्रपतिको निर्वाचनका विषयलाई लिएर भएको विवादमा सहभागी भएको आशंकामा यहाँको प्रहरीले कम्तीमा पनि एक हजार दुई सय जनालाई पक्राउ गरेको जनाएको छ ।

ब्राजिलका पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले यहाँको राष्ट्रपतीय निर्वाचनको परिणाम घोषणा भएपछि सोमबार व्यापक मात्रामा तोडफोड गरेका थिए ।

उनीहरुले यहाँको संसद भवन, ब्राजिलका राष्ट्रपतिको कार्यालयमा पनि आक्रमण गरेका थिए । उनीहरुले संसद भवनभित्रै प्रवेश गरेर त्यहाँका भौतिक संरचनामा पनि तोडफोड गरेका थिए ।

प्रहरीले आइतबार रातिको सो घटनाको अनुसन्धान गर्ने क्रममा राति नै करिब तीन सय जनालाई पक्राउ गरेको थियो ।

त्यस लगत्तै प्रहरी परिचालन गरिएको थियो । त्यस क्रममा प्रहरीले सो आक्रमण र हिंसामा सहभागी भएका व्यक्तिहरुलाई सिसी टिभीबाट पहिचान गरेर पक्राउ गर्ने काम थालेको थियो ।

यहाँको राष्ट्रपतिका रुपमा लुइज इनासियो लुला दा सिल्भा शक्तिमा आएपछि उहाँको विरोधमा पूर्व राष्ट्रपति जायर बोल्सोनारोका समर्थकहरुले सो विरोध गरेका हुन् ।

उनीहरुले राष्ट्रपतीय निर्वाचनको विरोध गरेका थिए । उनीहरुले राजधानी सहरमा रहेको सर्वोच्च अदालतको भवनमा पनि आगजनी गरेका थिए ।

त्यसपछि यहाँका प्रधानन्यायाधीशले उनीहरुलाई पक्राउ गरेर कारबाही गर्न प्रहरी प्रशासनका नाममा आदेश पनि दिनुभएको थियो ।

यही जनवरी १ मा ब्राजिलका राष्ट्रपतिको शपथ लिनुभएका लुलाले हिंसामा सहभागी भएका सबैलाई कानुन अनुसार कारबाही हुने जानकारी दिनुभएको छ ।

# सन् २०२२ मा मङ्गोलियामा कुल दुई लाख ९० हजार भन्दा बढी विदेशी पर्यटक

**सिन्ह्वा**

उलान बातोर । मङ्गोलियाले सन् २०२२ मा कुल दुई लाख ९० हजार चार सय विदेशी पर्यटकलाई स्वागत गरेको छ । पर्यटन क्षेत्रबाट ३५ करोड अमेरिकी डलर आम्दानी गरेको वातावरण तथा पर्यटन मन्त्रालयले मङ्गलबार जनाएको छ ।

सन् २०२१ कोभिड-१९ को महामारीका कारण मङ्गोलियामा विदेशी आगन्तुक आगमनको सङ्ख्या मा ३३ हजार मात्रै घटेको पनि मन्त्रालयले जनाएको छ । मङ्गोलियाले महामारीबाट प्रभावित पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न विभिन्न उपायहरू गरिरहेको मन्त्रालयले थप जानकारी दिएको छ ।



विशेष गरी सरकारले हालै ३४ देशका नागरिकलाई सन् २०२५ को अन्त्यसम्म ३० दिनसम्मको भिसामा छुट दिने निर्णय गरेको छ । मङ्गोलियाले सन् २०२३ र २०२४ लाई 'मङ्गोलिया भ्रमण गर्ने वर्ष' को रूपमा घोषणा गरेको छ र पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न सन् २०२३ मा ९० भन्दा बढी कार्यक्रमहरू आयोजना गर्ने अपेक्षा गरिएको छ । यसवर्ष कम्तीमा १० लाख विदेशी पर्यटकलाई स्वागत गर्ने र एक करोड आम्दानी गर्ने लक्ष्य मुलुकको रहेको बताइएको छ ।



जनकपुरधाम स्थित रेल्वे स्टेशनमा रेल्वे ट्रैकमै अण्डा बेच्दै व्यवसायी। तस्विर : ध्रुव

# आइपीओ निष्कासन गर्दै सगरमाथा जलविद्युत्

काठमाण्डु । सगरमाथा जलविद्युत् कम्पनी लिमिटेडले आगामी माघ ५ देखि साधारण शेयर निष्कासन गर्ने भएको छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि प्राथमिक सार्वजनिक निष्कासन (आइपीओ)को बिक्री खुला गर्ने भएको हो ।

कम्पनीले कूल जारी पुँजी रु एक अर्ब १२ करोडको १० प्रतिशत अर्थात रु ११ करोड २० लाख बराबरको प्रतिशेयर रु एक सय दरका ११ लाख २० हजार कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र इलामको स्थानीय बासिन्दाका लागि निष्काशन गर्न लागेको हो।

त्यस्तै सर्वसाधारण लगानीकर्ताका लागि छुट्याइएको ४३ लाख ६८ हजार कित्ताको १० प्रतिशतले हुने चार लाख ३६ हजार आठ सय कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरी रहेका नेपालीका लागि निष्काशन गर्न लागेको कम्पनीको सार्वजनिक आह्वानपत्रमा उल्लेख छ ।

स्थानीय लगानीकर्ताले शेयर खरिदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्म आवेदन दिन सक्नेछन् । जसमा आयोजन प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका लागि निष्काशन बन्द छिटोमा आगामी माघ १९ मा हुनेछ भने ढिलोमा आगामी फागुन ५ बन्द हुने कम्पनीले जनाएको छ । वैदेशिक रोजगारीमा रहेका नेपालीले भने अधिकतम ५० हजार कित्ताका लागि माघ १९ गतेभित्र आवेदन दिनुपर्ने छ।

स्थानीयले आयोजनास्थलमा रहेको कम्पनीको कार्यालय, प्रभु बैंक, सेञ्चुरी बैंक, र प्राइम कमर्सियल बैंकले तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्नेछन्। वैदेशिक रोजगारीमा रहेका नेपालीले आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयबाट आवेदन दिन सक्ने कम्पनीले जनाएको छ।

कम्पनीको शेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड छ। आइपीओ निष्काशनका लागि गराएको रेटिङमा इक्रा नेपालले कम्पनीलाई इक्रा एनपी आईआर बीबीबी माइनस रेटिङ प्रदान गरेको छ । कम्पनीले इलामको इलाम नगरपालिका-२ स्थित माई ओलामा नौ दशमलव छ मेगावाट क्षमताको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।रासस

# पेट्रोल पम्पलाई 'रिफ्रेस्मेन्ट सेन्टर' बनाउनुपर्छः सचिव मरासिनी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मसासिनीले पेट्रोल पम्पलाई 'रिफ्रेस्मेन्ट सेन्टर'का रूपमा स्थापित गर्न आग्रन गर्नुभएको छ। नेपाल आयल निगम सञ्चालक समितिका अध्यक्ष समेत रहनुभएका मरासिनीले भन्नुभयो, "विकसित देशमा पेट्रोल पम्प रिफ्रेसमेन्ट सेन्टरका रूपमा रहेको पाइन्छ, नेपालका पेट्रोल पम्पलाई सोही रूपमा विकास गर्न सक्नुपर्छ ।"




मंगलवार नेपाल आयल निगमले ५३औँ वार्षिकोत्सवको अवसरमा यहाँ आयोजित कार्यक्रममा बोल्दै उहाँले पेट्रोल पम्पहरूलाई पूर्ण अटोमेटेड र व्यवस्थित बनाएर अन्तर र्िष्ट्रयस्तरको सेवा दिन पनि सम्बद्ध व्यवसायीसँग आग्रह गर्नुभयो ।

आफू समितिमा आएको छोटो समय मात्रै भए पनि बाहिर रहँदा समेत निगमसँग नजिक रहेर काम गरेको बताउँदै अध्यक्ष मरासिनीले निगममा रहँदा आफूले यो क्षेत्रको थप सुधारका लागि पहल गर्ने बताउनुभयो । सबै गतिविधि पारदर्शी रूपमा गर्दा पनि निगममाथि प्रश्न उठ्ने गरेको भन्दै उहाँले यसप्रति सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीले विशेष ध्यान दिनुपर्ने बताउनुभयो।

यद्यपि सुधारको विकल्प थप सुधारबाहेक अरु केही नभएको उहाँको भनाइ छ। उहाँले निगमको कारोबारलाई नगदमा आधारितभन्दा लगानीमा आधारित बनाउनुपर्नेमा समेत जोड दिनुभयो । यसका लागि सिर्जनशील सोचको जरुरत भएको भन्दै उहाँले आफू निगममा रहँदासम्म यसका लागि पहल गर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक उमेशप्रसाद थानीले निगमले हाल पाइपलाइनबाट डिजेल मात्रै आइरहेकोमा पेट्रोललाई पनि पाइपलाइनबाटै ल्याउने प्रक्रिया अघि बढेको बताउनुभयो । साथै पोखरालगायत देशका विभिन्न डिपोहरूमा निर्माणधीन भर्टिकल ट्याङ्कहरूको निर्माण अन्तिम चरणमा पुगेको र इन्टरप्राइजेज रिसोर्स प्लान (ईआरपी) सिस्टम पूर्ण कार्यान्वयनमा ल्याइएको जानकारी दिनुभयो ।

नायब कार्यकारी निर्देशक नागेन्द्र साहले निगमले एक वर्षमा करिब रू ५० अर्बको नोक्सानी व्यहोरेको भन्दै पछिल्लो समय मूल्य घट्दा केही राहत भए पनि अझै पनि भारतीय आयल कर्पोरेसनलाई रू ११ अर्ब तिर्न बाँकी रहेको र नेपाल सरकारको सात अर्ब ऋण अझै तिर्न बाँकी रहेको जानकारी दिनुभयो ।

नेपाल पेट्रोलियम डिलर्स एशोसिएशनका अध्यक्ष लिलेन्द्र प्रधानले राज्यले पेट्रोलियम पदार्थको मूल्यमा राजनीति गर्न नहुने बताउनुभयो । "पेट्रोलियम पदार्थ राजनीतिक वस्तु हो कि आर्थिक वस्तु हो भनेर राज्यले छुट्याउनुपर्छ। राजनीतिक वस्तुको रूपमा प्रयोग गर्ने हो भने अनुदान दिनुपर्छ, आर्थिक वस्तुको रूपमा मान्ने हो भने यसमा राजनीतिकरण गर्नुहुन्न", उहाँले भन्नुभयो ।

पेट्रोलियम ढुवानी राष्ट्रिय महासङ्घका महासचिव विश्व अर्यालले पनि पेट्रोलियम पदार्थको मूल्यलाई राजनीतिक लाभहानीको विषयको रूपमा हेर्न नहुने बताउनुभयो । उहाँले डिजेलको मूल्यवृद्धिको असर बहुआयामिक हुने भन्दै कम्तीमा यसलाई सरकारले कर उठाउने माध्यमको रूपमा प्रयोग नहुनेमा जोड दिनुभयो ।

त्यस्तै, नेपाल एलपी ग्यास उद्योग महासङ्घका अध्यक्ष कुशकुमार मल्लीले एलपी ग्यासको मूल्यजस्तै उद्योगि तथा ढुवानीकर्ताको कमिसनलाई समेत स्वचालित बनाउनुपर्ने बताउनुभयो। निगमले सहमति गर्ने तर कार्यान्वयन नगर्ने गरेको उहाँको गुनासो थियो । उहाँले भारतबाट आइरहेको एलपी ग्यासको गुणस्तरमा प्रश्न उठाउँदै यसलाई नियन्त्रण गर्न समेत आग्रह गर्नुभयो।

"आईओसीले भरेर पठाउने ग्यास बुलेटमा कहिलेकाहिँ पानी भरिएर आएको देखियो । उद्योगहरूले रिफिल गर्दा यसको असर उपभोक्तासम्म पुग्यो," उहाँले भन्नुभयो, "यसमा निगम र गुणस्तर तथा नापतौल विभागको समेत ध्यान जाओस् ।"

वार्षिकोत्स आयोजित कार्यक्रममा निगमको वार्षिक प्रकाशन 'प्रभात' विमोचन गरिएको थियो । कार्यक्रममा रू ५१ हजार राशीको सुवर्णविक्रम स्मृति पुरस्कार तथा पाँच जनालाई २५/२५ हजार राशीको 'निगम प्रोत्साहित पुरस्कार' वितरण गरिएको थियो । कार्यक्रममा निगममा २० वर्षदेखि निरन्तर काम गर्दै आउनुभएका कर्मचारीलाई दीर्घसेवा पदक तथा विभिन्न खेलकुद प्रतियोगितामा विजयी भएका कर्मचारीलाई समेत पुरस्कार प्रदान गरिएको थियो ।रासस

# सात उद्योग कारबाहीमा

झापा । झापामा सात उद्योग कारबाहीमा परेका छन् । सरकारले तोकेको मापदण्ड विपरीतका दूषित तथा न्यून गुणस्तरीय वस्तु उत्पादन गर्ने सात उद्योग कारबाहीमा परेको खाद्य, प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

कारबाहीमा परेका उद्योगमा पानी उद्योग, चिया, तेल, दाना (पशु आहार) उद्योगलगायत रहेको प्रमुख भट्टराईले बताउनुभयो । "केही फाइल जिल्लाबाहिर पठाएका छौँ", उहाँले भन्नुभयो, "केही फाइल जिल्ला प्रशासन कार्यालय र अदालतमा पेस गरिएको छ ।" प्रारम्भिक अनुसन्धान गरेर उद्योग दर्ता भएको स्थानमा कारबाहीका लागि मोरङ र पर्सामा एक/एक फाइल पठाइएको छ भने बाँकी जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतमा पठाइएको छ । "खाद्य गुण नियन्त्रण गर्न हामी लागि परेका छौँ", उहाँले भन्नुभयो, "पुराना फाइल पनि छन्, तिनीहरूलाई पनि किनारा लगाउँदै नयाँमा काम-कारबाही अगाडि बढाइरहेका छौँ।"

चार जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङ कार्यक्षेत्र रहेको तथा सीमित जनशक्ति भएकाले भनेजस्तो काम गर्न नसकिएको उहाँको भनाइ छ। कार्यालयअन्तर्गत इलामका ६२ होटल व्यवसायीलाई खाद्य स्वच्छता, गुणस्तर एवं होटल व्यवसायीले पालना गर्नुपर्ने मापदण्डसम्बन्धी अभिमुखीकरण गरिएको छ।

झापाको मेचीनगरमा स्थानीय तहका पालिका प्रमुख, उपप्रमुख लगायतका जनप्रतिनिधिका लागि खाद्य स्वच्छता अभिमुखीकरण, उपभोक्ता भेला लगायतका कार्यक्रम गरिएको छ । सडक खाना (स्ट्रिट फुड) व्यवसायीलाई स्वच्छतासम्बन्धी तालिम दिने तयारी भइरहेको कार्यालयले जनाएको छ । पानीपुरी, चटपटे, ठेला पसल व्यवसायीलाई भेला गराएर एकदिने तालिम दिन लागिएको कार्यालय प्रमुख भट्टराईले बताउनुभयो ।रासस

नेपाल नागरिक उड्डयन प्राधिकरण

जनकपुर नागरिक उड्डयन कार्यालय

जनकपुरधाम, धनुषाको

**ATM Counter मार्फत ATM सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०७९।०९।२७)

जनकपुर विमानस्थलको टर्मिनल भवन बाहिर मुख्य प्रवेश द्धारको पश्चिम तर्फ २.७९ वर्ग मिटर (६×५ वर्ग फिट) क्षेत्रफलमा ATM Counter मार्फत ATM सेवा संचालन गर्नको लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट सो सम्वन्धी कारोवार गर्न इजाजत प्राप्त गरेका इच्छुक 'क' वर्गको बैंकहरुले निम्न शर्तहरुको अधिनमा रही वोलपत्र फाराम पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरूः-**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको राष्ट्रिय वाणिज्य बैंक, विशाल बजार शाखामा रहेको खाता नं.१०९०१०००६४९१७००१ मा रु.१,१३०।- (अक्षरेपी एक हजार एक सय तीस रुपैयाँ मात्र) मू.अ.कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेश गरी प्राप्त रसिद, नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि, बैंकिङ्ग सेवा सञ्चालनको नेपाल राष्ट्र बैंकबाट "क" वर्गको स्वीकृति प्राप्त प्रमाणपत्रको प्रतिलिपि कार्यलयमा पेश गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गराउनुपर्ने छ। दाखिला हुन आएका बोलपत्रहरु सोही दिन २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछिको लगतै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिने छ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त ईजाजतपत्र, मू.अ.कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालो सूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणपत्र, बैंकिङ्ग सेवा सञ्चालनको लागि नेपाल राष्ट्र बैंकबाट "क" वर्गको स्वीकृति प्राप्त प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

४. ATM Counter मार्फत ATM सेवा सञ्चालनको लागि ठेक्का अवधि ३ (तीन) वर्षको हुनेछ। ATM सेवा सञ्चालनको लागि ३ वर्षको न्यूनतम ठेक रकम रु.२०,०८८।- (अक्षरेपी बीस हजार अठासी रुपैयाँ मात्र) कायम गरिएको छ। दोश्रो वर्ष देखि कूल ठेक अंकमा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य वृद्धि सूचाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम बुझाउनु पर्नेछ।

५. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता रहेका बैंकले बोलपत्रमा भाग लिन पाउने छैन । बाँकी बक्यौता देखिएमा उक्त बोलपत्र फाराम स्वतः रद्द हुनेछ।

६. कवोल गरेको रकमको ५ प्रतिशतले हुने बोलपत्र जमानत रकम कार्यालयको एभरेष्ट बैंक लि. जनकपुरधाम शाखामा रहेको धरौटी खाता नम्बर ०१३००१०५०००३३० मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा "क" वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तिमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेण्टी (BID BOND) बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री जनकपुर नागरिक उड्डयन कार्यालय सम्बोधन गरी यस कार्यालयको प्रशासन शाखामा दर्ता गराउनुपर्ने छ।

८. बोलपत्र दररेट भर्दा अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

९. रीत नपुगी वा म्याद नाघि, शर्त सहित पेश भएको वा तोकिएको कागजात पेश नभई आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

११. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन नियमानुसार हुनेछ।

१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१४. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ।

# बेलका नगरपालिका बन्यो तरकारी जोन

उदयपुर । पन्ध्र वर्ष अघिसम्म आयातित तरकारीमा निर्भर उदयपुरको बेलका नगरपालिका यतिबेला तरकारी जोनका रूपमा स्थापित भएको छ। पाँच वर्षअघिदेखि नगरपालिकाले वृहत् तरकारी उत्पादन अभियान सञ्चालन गरेपछि यतिबेला यहाँ तरकारी उत्पादन बढेको छ।

जिल्लाकै पहिलो तरकारी जोन बनाउने लक्ष्यका साथ सुरु भएको अभियानलाई नगरपालिकालाई हरियो तरकारीमा आत्मनिर्भर बनाएको छ। गत वर्ष ८० हेक्टर क्षेत्रफलमा व्यावसायिक तरकारी खेती भएकोमा यस सिजनमा एक सय ५० हेक्टरभन्दा बढी क्षेत्रफलमा तरकारी खेती भइरहेको छ।

जिल्लामा सबैभन्दा बढी हरियो तरकारी उत्पादनमा यही क्षेत्रमा भइरहेका नगरपालिकाका प्रमुख अशोक कार्कीले बताउनुभयो। उहाँले यसपटक मात्रै रू पचास लाखभन्दा बढीको तरकारी उत्पादन भइसकेको बताउनुभयो । "किसानहरूले रू ५० लाख बराबरको तरकारी उत्पादन गरिसकेका छन् भने तरकारी उत्पादन अझै भइरहेको छ", उहाँले भन्नुभयो।




बेलका तरकारी किसान समूहका सदस्य कुमार कटुवालले आम्बासी, पुरनदह, बानडाँडा, सिसौली, रातापानी, भागलपुर, तपेश्वरी लगायतका स्थानमा पाँच सयभन्दा बढी किसान व्यवसायिक तरकारीखेतीमा संलग्न रहेको बताउनुभयो।

गत वर्षमात्र बेलका तरकारी किसान समूहले सदरमुकाम गाइघाटसहित चौदण्डीको बेल्टार, सप्तरीको फत्तेपुर बजार र सुनसरी क्षेत्रमा रू ३० लाखभन्दा बढी मूल्य बराबरको तरकारी बिक्री गरेको बानडाँडाका किसान पुष्पप्रसाद भट्टराईले बताउनुभयो।

नगरपालिका प्रमुख अशोक कार्कीले यस क्षेत्रलाई तरकारी उत्पादन पकेट क्षेत्रका रूपमा अघि बढाएको बताउनुभयो।किसानलाई तरकारी खेतीप्रति प्रोत्साहन गरेकै कारण नगरपालिका जिल्लाकै अब्बल तरकारी उत्पादक क्षेत्रको रूपमा देखा परेको प्रमुख कार्कीको भनाइ छ । नगरपालिकाले तरकारीखेतीका लागि तालिमसहित आर्थिक सहयोग, निःशुल्क बिउबीजन वितरण गर्दै आएको उहाँले जानकारी दिनुयो।

सुनसरी, झापा मोरङ तथा सिरहा र सप्तरीमा उत्पादन हुने तरकारीभन्दा गुणस्तरीय र सस्तो मूल्यमा तरकारी उत्पादन हुन थालेपछि यहाँबाट ती क्षेत्रमा तरकारी बिक्री बढेका तपेश्वरी गाउँपालिकाका पूर्व अध्यक्ष डिल्ली बिमलीको भनाइ छ।

हिउँदे र बर्खे लहरे तरकारी गरी हाल यस क्षेत्रमा दश प्रकारका हरियो तरकारी उत्पादन भइरहेको छ । नगरभित्र पाँच सयभन्दा बढी किसानले व्यावसायिक रूपमा तरकारी खेतीमा संलग्न रहेको बेलका नगरपालिकाकी उपप्रमुख जिरा राईले बताउनुभयो । प्रत्येक किसानहरूले वार्षिक रू ५० हजारदेखि साढे दुई लाखसम्म तरकारी बिक्री गरी आम्दानी गर्दै आएको किसान दुर्गेस कार्कीको भनाइ छ। विसं २०६८ बाट सीमित किसानले सुरु गरेको व्यावसायिक तरकारी खेती अहिले नगरका अधिकांश वडाका किसानले गर्दै आएका छन् ।रासस

# अभिरामलाई बहुमत सांसदको समर्थन

टुडे समाचारदाता

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलको नेता बनाउन बहुमत सांसदले अभिराम शर्मालाई समर्थन गरेका छन् ।



मंगलबार पाँच सांसदले समर्थनसहितको प्रस्तावपत्र केन्द्रीय कार्यालयमा पठाएका छन् ।

सर्वसहमतिबाट नेता चयन गर्नका लागि पार्टी अध्यक्ष महन्थ ठाकुरलाई पाँच सांसदले हस्ताक्षर गरी दलको नेता अभिराम शर्मालाई बनाउन प्रस्ताव गरिएको लोसपाकै सांसद रुपा यादवले जानकारी दिइन् । उनका अनुसार पार्टीले बुधबार सम्म पत्रको जवाफ दिएपछि दलको नेतामा सर्वसहमतिका रुपमा अभिराम चयन हुने छन् ।

लोसपा महोत्तरीमा मजबुत दल छन् । मधेश प्रदेशमा लोसपाको कुल ९ सांसद छन् । जसमध्ये पाँच जना सांसद महोत्तरीबाट नै छ । यद्यपि महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ को 'क'बाट निर्वाचित जयनुल राइन र महोत्तरीकै समानुपातिक रमिता प्रधानले अभिरामलाई समर्थन गरेका छैनन् ।

अभिरामलाई सांसद रमेश पटेल, उपेन्द्र महतो, रानी शर्मा र रुपा यादवले समर्थन गरेका छन् । सोनलतर्फ महोत्तरीका जयनुल राइन, सिरहाका राम बाबु यादव, र रमिता प्रधान मात्रै छन् ।

लोसपामा अर्का दाबेदार जितेन्द्र सोनल यसपटक पनि दलको नेता बन्ने कसरतमा छन् । तर उनलाई चार सांसदको मात्रै समर्थन रहेको देखिएको छ ।

बारा निर्वाचन क्षेत्र नम्बर ४ को 'ख'बाट निर्वाचित सोनल पार्टी अध्यक्ष महन्थ ठाकुरको निकट मानिन्छ ।

उनी यसअघि पनि दलको नेता र सरकारमा सहभागी हुँदा भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारीमा थिए । सोनल पार्टीको प्रदेश अध्यक्षसमेत छन् । उनकै नेतृत्वमा पार्टी निर्वाचनमा होमिएको थियो । यसअघि ०७४ को निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)ले २५ सिट जितेको थियो ।

मधेश प्रदेशमा लोसपा, नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादी प्रतिपक्षको भूमिकामा रहने लगभग निश्चित जस्तै छ ।

कांग्रेसले दलको नेतामा कृष्णप्रसाद यादवलाई चयन गरिसकेका छन् भने नेकपा (एस)को पनि नेता छनोट हुन सकेको छैन् ।

# महानगरद्वारा बैंकलाई जरिवाना



टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाले सडकमा जथाभावी फोहोर फाल्नेलाई कडा कारबाही गर्न थालेको छ। सडकका ठाउँठाउँमा खटिएका नगरप्रहरी र सफाइकर्मीले जथाभावी फोहोर फाल्नेलाई तत्कालै जरिवाना गर्ने गरेका छन् ।

सडकमा जथाभावी फोहोर फाल्नेमा यहाँका वित्तीय संस्था अघि देखिएका छन् । मंगलबार मात्रै ग्लोबल आईएमई बैंकलाई अहिलेसम्मकै धेरै ५ हजार रुपैयाँ जरिवाना गरिएको छ ।

पुरानो बसपार्क नजिकै रहेको बैंकले सडकमा फोहोर फालेकाले जरिवाना गराइएको महानगरका सरसफाई तथा वृक्षरोपण गरिएको संयोजक जयप्रकाश खेतानले बताए ।

यस्तै,शिखर इन्स्योरेन्सलाई १ हजार ५ रुपैयाँ र महालक्ष्मी फ्लावर पसललाई ५ सय रुपैयाँ जरिबाना गरिएको पनि संयोजक खेतानले बताए । फोहोरको प्रकृति र मात्राको आधारमा जरिवाना गर्ने गरिएको पनि उनले जानकारी दिए ।

पहिलो चरणमा सचेत अभियान चलाइएको भए पनि अटेर गरेर सडकमै फोहोर फाल्न नछाडेपछि अब जरिवाना गर्न लागिएको महानगरका सरसफाइ प्रमुख सरफुद्धिन मियाँले बताए ।

'सडकमा जथाभावी फोहोर नफालौँ भनेर माइकिंग गर्नुका साथै संचारमाध्यमबाट प्रचार प्रसार पनि गरियो,स्थलगत रुपमै पनि सचेतना अभियान चलाइयो,' उनले भने, 'तर पनि अटेर गरेपछि बाध्य भएर जरिवाना गर्दै छौं।'

अहिले दैनिक जसो वित्तीय संस्था र पसललाई जरिवाना गरिदै छ। कृषि विकास बैंक र गगन बचत तथा ऋण सहकारी संस्थालाई पनि जरिवाना गरिएको छ।

महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएर आएसँगै नगर हरियाली र सरसफाइलाई प्राथमिकता दिँदै अभियान चलाइरहेका छन् ।

# मधेश प्रदेशमा विवाद मिल्यो, आज जसपाले दाबी गर्ने

राजेन्द्र यादव

जनकपुरधाम ।मधेश प्रदेश सरकार गठनका लागि जनता समाजवादी पार्टी(जसपा)ले बुधवार मुख्यमन्त्रीका लागि दाबी प्रस्तुत गर्ने भएको छ ।



जसपा संसदीय दलका नेता सरोज कुमार यादवले संघीय सत्तारुढ गठबन्धन दलहरुको समर्थनमा मुख्यमन्त्रीका लागि प्रदेश प्रमुख हरीशंकर मिश्र समक्ष दाबी प्रस्तुत गर्ने जनमत पार्टी सदंसदीय दलका नेता महेशप्रसाद यादवले जनाए ।

'सरकारको नेतृत्व गर्ने विषयमा सहमति भइसकेको छ ' उनले भने, गठबन्धनका सबै दलको सांसदहरुको समर्थन सहित जसपा दलका नेताले मुख्यमन्त्रीका लागि दाबी प्रस्तुत गर्ने छन् ।

मधेशमा सरकारको नेतृत्व पहिले पाउनुपर्ने अडानमा जनमत पार्टी अबेरसम्म कायमै रहेकाले मंगलवारको निर्धारित समयमा दलको नेताको दाबी प्रस्तुत गर्न नसकेको एमालेका एकजना सांसदले बताए ।

मुख्यमन्त्रीमा जसपाका यादवलाई एमालेका २३ जना , जसपाका १६ जना, जनमत पार्टीका १३ जना, माओवादी केन्द्रका ८ जना, उन्मुक्ति पार्टीका १ र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) का १ जना सहित ६० जनाले समर्थन गरेका छन् ।

मुख्यमन्त्रीले शुक्रवार शपथग्रहण गर्ने कार्यक्रम रहेको छ ।तर मन्त्रीको टुंगो लागेको छैन् । मुख्यमन्त्रीलाई समर्थन गर्ने आधा दर्जन दलहरुको सरकारमा सहभागिता रहने बताइएको छ ।उन्मुक्ति र राप्रपाका सांसदहरुपनि सरकारमा जाने भएका छन् ।

# हुण्डी रकमसहित दुई जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषामा हुण्डी रकमसहित एक जना भारतीय नागरिक पक्राउ परेका छन् ।

मंगलबार प्रहरीले १६ लाख स्रोत नखुलेको रकमसहित पक्राउ गरेको र सो हुण्डी कारोबारमा प्रयोग भएको रकम रहेको खुलेको छ।



विदेह नगरपालिका-२ दुहवीबाट भारत विहार राज्य मधुवनी जिल्ला ग्राम पञ्चायत दुहवी महिनाथपुरका ४२ वर्षीय राजेश कुमार साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । साहमाथि शंका लागेर चेकजाँच गर्दा स्कुटरको डिक्की भित्र रकम लुकाइ भारतबाट नेपालतर्फ ल्याउँदै गरेका थिए ।

कालो प्लाष्टिकको झोलामा स्रोत नखुलेको एक हजारको नोट ७ सय ४८ वटा, पाँच सयको नोट एक हजार ६ सय ४४ वटा, एक सयको दुई सय ६० वटा र ५० रुपैयाँका ८० वटा नोट बरामद भएको थियो। साह अहिले धनुषा प्रहरीको नियन्त्रणमा रहेका छन् ।

बरामद भएको रकम जनकपुर भन्सार कार्यालयमा पठाइएको जानकारीसमेत जिल्ला प्रहरी कार्यालयले दिएको छ ।उनीमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाइएको छ ।

त्यस्तै, वीरगञ्जबाट स्रोत नखुलेको १२ लाख २० हजार रुपैयासहित एक जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर -१७ का १९ वर्षीय राजन कुमार साह रहेको पर्सा प्रहरीलले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिकाको वडा नम्बर २५ सिर्सिया स्थित सडकखण्डमा बि.आर. ०५ एई ३५५६ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा साहले लगाएको हेलमेट तथा कालो ज्याकेट भित्र १२ लाख २० हजार फेला परेको जनाइएको छ ।

मोटरसाइकलसहित साहलाई नियन्त्रणमा लिइ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ विरुद्धको कसूरमा थप अनुसन्धान तथा कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिएका छन् ।

# अतिक्रमित संरचना भत्काउन सुरु

बखतियार अलि

मलंगवा । मलंगवा नगरपालिकामा अतिक्रमित संरचना हटाउन थालिएको छ ।



नगरपालिकाले मंगलबार दिउँसोबाट सडक अतिक्रमण गरी बनाइएका घर टहराहरु भत्काउन सुरु गरेको छ ।

प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमका अनुसार मलंगवा-नवलपुर जिल्ला राजमार्ग तथा सहायक राजमार्गको सडक खण्डमा पहिलेदेखि १५ मिटर चौडाई कायम गरी निर्माण भए अनुसारबीच बजारको मुख्य सडक वडा न-९ स्थित श्रीमती कृष्णादेवी मा विदेखि नगरपालिकाको मेन चोक हुँदै वडा न-८ स्थित राजश्री सिनेमा सम्मको चौडाइलाई रेखांकन गरी सोही अनुसार निर्माण कार्य अघि बढाउन नगरकार्यपालिकाको गत पुस ५ गतेको निर्णयानुसार सडक क्षेत्र खाली गराउन लागेको छ।

यसका लागि १५ दिने सार्वजनिक सूचनासमेत जारी गरिसकेको र सोको समय पनि गत पुस २२ गते नै समाप्त भइसकेको र पुनः दोस्रोपटक थप गरिएको समय समय पनि पुस २५ गते सकिएकोले मंगलबारबाट अतिक्रमण हटाएर सडक चौडा गर्ने कार्य सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए ।

उक्त अतिक्रमण हटाउने कार्य सम्बन्धित वडाका वडा अध्यक्ष लगायत सम्बन्धित घरधनी तथा स्थानीयवासी र सुरक्षाकर्मीहरुको रोहबरमा गरिरहेको सूचना अधिकृत राजकुमार अधिकारीले जानकारी दिए ।

नगरपालिका क्षेत्र भित्र सार्वजनिक सम्पत्तिको दोहन गरी कसैले पनि यसरी संरचना बनाउन पाउँदैन,यसरी नियम मिचेर बनाइएका संरचना नगरपालिकाले भत्काउँदै जानेछ,नगर प्रमुख नागेन्द्र प्रसाद यादवले बताए । नगरपालिकाले सार्वजनिक जग्गाहरू अतिक्रमण गरेर बनाइएका भौतिक संरचनाहरू हटाउन पटक पटक सूचना जारी गरे पनि स्थानीयले अटेर गरेपछि डोजर लगाएर हटाउन सुरु गरिएको नगर प्रमुख यादवले बताए ।

# प्रदेश प्रहरीलाई मोटरसाइकल हस्तान्तरण

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले प्रदेश प्रहरीलाई २४ थान मोटरसाइकल वितरण गरेको छ ।



मंगलबार एक कार्यक्रमबीच प्रदेशका गृह तथा संचार मन्त्री भरतप्रसाद साहले मोटरसाइकल वितरण गरेका छन् ।

कार्यक्रममा मन्त्री साहले मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी मकसुद आलम खान र मधेश प्रदेशका सशस्त्र प्रहरी प्रमुख डिआइजी गणेश ठाडा मगरलाई मोटसाइकलको साँचो हस्तान्तरण गरेका थिए ।

सो अवसरमा मन्त्री साहले प्रदेश सरकार स्थापना भएदेखि नै प्रदेश प्रहरीलाई सुविधा सम्पन्न र प्रदेशको शान्ति सुरक्षा व्यवस्था बलियो बनाउन टेवा पुग्ने गरी प्रदेश प्रहरीलाई विभिन्न प्रकारका सवारी-साधन, उपकरण तथा भौतिक पूर्वाधारमा उल्लेखनीय सहयोग गर्दै आएको दाबी गरे ।

प्रदेशमा आउने विभिन्न विपद् व्यवस्थापनका लागि पनि प्रदेश सरकारले प्रदेश प्रहरीलाई विगतमा विभिन्न सामग्रीहरु उपलब्ध गराएका बताउँदै मन्त्री साहले भने,' संविधान अनुसार प्रदेशको सुरक्षा व्यवस्था प्रदेश सरकारकै जिम्मेवारीमा छ । तर अहिलेसम्म संघीय प्रहरी समायोजन नहुँदा प्रदेश प्रहरी ऐन पारित गरे पनि गठन गर्न सकेनौ । तर पनि प्रदेश सरकारले प्रदेश प्रहरीमा प्रत्येक वर्ष लगानी गर्दै आएको छ ।'

प्रदेश सरकारले प्रदेश प्रहरीको भौतिक पूर्वाधार तथा आधुनिकीरण गर्ने उद्देश्यले सवारी साधन, उपकरण तथा विपद् व्यवस्थापन सहितका सामग्रीहरु वितरण गर्दै आएको गृह तथा संचार राज्यमन्त्री रुवि कर्णले बताइन् ।

चालु आर्थिक वर्षमा ५२ लाख ५३ हजारमा खरिद गरिएको मोटरसाइकल नेपाल प्रहरीका विभिन्न जिल्लाका प्रहरी चौकी, सशस्त्र प्रहरीका विभिन्न पोष्ट तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई हस्तान्तरण गरिएको छ।

कार्यक्रममा मधेश प्रहरी प्रमुख मकसुद आलम खानले प्रदेश सरकारले प्रदेश प्रहरीलाई समय-समयमा भौतिक पूर्वाधारदेखि सवारी साधनसहितको क्षेत्रमा सहयोग गर्दै आएको बताए ।

प्रदेश सरकारको सहयोगले प्रदेश प्रहरीको क्षमतामा वृद्धि हुँदै आएको उल्लेख गर्दै डिआईजी खानले डिजेल वा पेट्रोलभन्दा पनि विद्युतीय चार्जले चल्ने गाडी वितरण हुँदा प्रहरीको खर्चमा कटौती हुने बताए ।

कार्यक्रममा प्रदेश मटियानी नगरपालिकाका मेयर हरि मण्डल, भंगहा नगरपालिका मेयर संजीब साहसहितको उपस्थित रहेको थियो ।

# शीतलहरले जनजीवन कष्टकर

टुडे समाचारदाता

राजविराज । एक साता यता शीतलहर चलेसंगै बढेको अत्यधिक चिसोले यहाँको जनजीवन कष्टकर बनेको छ ।



मंगलवार यहाँ यो वर्षकै सर्वाधिक चिसो महसुस गरिएको छ । बाक्लो हुस्सु र निरन्तर चलिरहेको चिसो हावाले स्थानीयको दैनिक जीवनयापन कष्टकर बनेको छ ।

मंगलवार यहाँको तापक्रम ८ देखि ९ डिग्रीमा झरेको मौसम राजविराज विमान स्थल कार्यालयले जनाएको छ ।

विहानै देखि चल्ने शीतलहर र हुस्सुका कारण घरबाट मानिस कमै निस्किदा सडकमा चहल पहल निकै घटेको छ भने अस्पताल तथा स्वास्थ्य चौकीहरुमा दम, झाडापाखा,रुघाखोकीका विरामीको चाप बढेको स्वास्थ्यकर्मी बताउँछन् ।

शीतलहर बढेपछि बजारमा दाउरा बालेर आगो ताप्ने दृश्य जतातते देखिएको छ। चिसोबाट विशेष गरी अतिविपन्न, मुसहर र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबैभन्दा बढी प्रभावित भइरहेका छन् ।मजदुरहरु काममा जान पाएका छैनन् भने घरमै बस्नु पर्दा हातमुख जोर्ने समस्या भइरहेको तिलाठी कोइलाडी गाउँपालिका ४ का बैजु सदाले बताए ।

यस्तै, छिन्नमस्ता गाउँपालिका ३ का सत्यनारायण मुखियाको पनि गुनासो रहेको छ । उनले भने "एकातीर शरीर ढाक्ने पर्याप्त न्यानो लुगा छैन भने अर्कोतीर अत्यधिक चिसोले काममा जान नपाउँदा हात मुख जोर्न समस्या भएको छ, गाउँघरबाटै संकलित गरेको दउराको भरमा जाडो झेलिरहेको छु ।'

अतिविपन्न मुसहर तथा डोम समुदायले जाडो छल्न अधिकाँश समय आगो तापेर वसिरहेका छन् ।

बाक्लो हुस्सुले भिजीविलीटी कम भएपछि पूर्वपश्चिम राजमार्गसहित बजार र ग्रामीण क्षेत्रको भित्री सडकमा चल्ने सवारी साधन विहान र दिउसै पनि बत्ती बालेर गुडिरहेका छन् ।

ट्राफिक प्रहरीले पनि यस्तो मौसममा सावधानी अपनाएर सवारी साधन गुडाउन अनुरोध गरिरहेको छ ।

यता जाडोबाट जोगिन न्यानो कपडा लगाउन, तातो झोलिलो खाने कुरा खान र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.प्रकाश साहले सुझाव दिएका छन् ।

# कर संकलनमा वृद्धि

टुडे समाचारदाता

जनकपुरधाम । आन्तरिक राजश्व कार्यालय जनकपुरधामले चालु आर्थिक वर्ष ०७९/०८० को मंसिर महिनासम्ममा लक्ष्यको ९७ प्रतिशत राजश्व संकलन गरेको छ ।

कार्यालयले १ अर्ब ८ करोड १४ लाख ८७ हजार लक्ष्य राखेकोमा १ अर्ब ५ करोड ५० लाख ५५ हजार रकम संकलन गरिसकेको कर अधिकृत सुजित ठाकुरले जानकारी दिएका छन् ।

त्यस्तै,कार्यालयले आर्थिक वर्षको असारसम्ममा ३ अर्ब ६ करोड ८१ लाख रुपियाँ राजश्व संकलन गर्ने लक्ष्य राखेको जनाएको छ ।

यस अघि आर्थिक वर्ष ०७८/०७९मा कार्यालयले ३ अर्ब ३० करोड ७२ लाख ५८ हजार लक्ष्य राखेकोमा ३ अर्ब १० करोड ४४ लाख ६१ हजार राजश्व संकलन गरेको थियो जुन लक्ष्यको ९३.८७ प्रतिशत रहेको छ ।

त्यस्तै,आ.व.०७७/०७८ मा ४ अर्ब ६ करोड ६४ लाख ४२ हजार रुपैयाँ लक्ष्य रहेकोमा २ अर्ब ८३ करोड ९५ लाख ६९ हजार रकम असुली गरेको थियो जो कि निर्धारित लक्ष्यको ६९.८३ प्रतिशत मात्र रहेको छ ।

केही दिन यता कार्यालयमै नयाँ कारोबार दर्ता गराउने आउने व्यापारी व्यवसायीहरुलाई कर सम्बन्धी प्रशिक्षण दिइने गरिएकोले राजश्व संकलनमा वृद्धि भएर गएको अधिकृत ठाकुरले बताए । विगत तीन वर्ष अघिको तुलनामा राजश्व संकलनमा व्यापक वृद्धि भएको बताइएको छ ।

**आवश्यकता**

**होटल सुजाता पैलेश, मलंगवा, सर्लाहीको लागि तपसिल बमोजिमको कर्मचारीहरु आवश्यक भएकोले इच्छुक र योग्य व्यक्तिहरुले निम्न नम्बर र ठेगानामा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।**

| सि. नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | रिसेप्सन काउण्टर | १ | महिला/पुरुष, कम्प्युटर सम्बन्धी ज्ञान भएको । |
| २. | हाउस किपिङ्ग | २ | महिला/पुरुष, सम्बन्धी काममा दक्ष |
| ३. | वेटर | ५ | सम्बन्धित काममा दक्ष |
| ४. | क्यापटन | १ | सम्बन्धित काममा दक्ष |
| ५. | लेखापाल | १ | प्रमाण-पत्र तह उर्त्तिण र सम्बन्धित काममा दक्ष |

सम्पर्क नं. : ९८५४०३५०६१, ९८०११३५०६१

होटल सुजाता पैलेश
मलंगवा, सर्लाही